"स्वास्थ्य, प्रतिष्ठा र विकासका लागि सरसफाइ"
पूर्ण सरसफाइको राष्ट्रिय अभियानमा समर्पित

# सरसफाइ सन्देश

चैत ०७१-कात्तिक २०७२, वर्ष ४, संयुक्ताङ्क १०-११



गुल्मी जिल्ला खुला दिसामुक्त घोषणा समारोहमा सम्माननीय उपराष्ट्रपति परमानन्द झा, नेपाल सरकारका मुख्य सचिव श्री लीलामणी पौडेल, अतिथि लगायत डिवाससीसीका सदस्यहरु ।




प्रथम ऐतिहासिक वास एक्स्पो २०१५ को उद्घाटन सत्रमा सहरी विकास मन्त्रालयका माननीय मन्त्री डा. नारायण खड्का, सचिव श्री अर्जुन कुमार कार्की लगायत सरकारी एवं गैरसरकारी निकायका पदाधिकारीहरु ।

## प्रथम ऐतिहासिक WASH Expo 2015

विश्व पानी दिवसको अवसर पारेर खानेपानी तथा ढल निकास विभागको नेतृत्व र सरोकारवालाहरुको सहकार्यमा १८-१९ मार्च २०१५ मा राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र नगरकोटको प्राङ्गणमा Learning Alliance for Innovations and Change in WASH को थिम सहित प्रथम ऐतिहासिक WASH Expo भव्यताका साथ आयोजना गरियो ।

तात्कालिन सहरी विकास मन्त्री डा. नारायण खड्काको प्रमुख आतिथ्य र खानेपानी तथा ढल निकासका महा-निर्देशक श्री रामदीप साहको अध्यक्षतामा उक्त कार्यक्रम संचालन भएको थियो । सहरी विकास मन्त्रालयका सचिव श्री अर्जुन कुमार कार्की लगायत विभिन्न क्षेत्रगत सरोकारवालाहरुको विशेष समुपस्थितिमा आयोजित उक्त WASH Expo मा सरकारी संघ संस्था, संयुक्त राष्ट्रसंघका निकाय, विकास साझेदार, राष्ट्रिय एवं अन्तराष्ट्रिय गैरसरकारी संस्था, निजि क्षेत्र, उपभोक्ता समिति तथा नागरिक समाजका प्रतिनिधिहरु सहित खानेपानी तथा सरसफाइ क्षेत्रका विज्ञ एवं विशेषज्ञ, अनुसन्धान कर्ता, परामर्शदाता, संचारकर्मी, प्राध्यापक, कलाकार, शिक्षक, विद्यार्थी र समुदायका १००० जना भन्दा बढी व्यक्तिहरुको सहभागिता रहेको थियो ।

सो समारोहमा खानेपानी तथा ढल निकास विभागका उप-महानिर्देशक श्री सुनिल कुमार दास र राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रका प्रमुख श्री राजीब घिमिरेले क्रमशः स्वागत मन्तव्य तथा WASH Expo को उद्देश्य र क्रियाकलापहरु बारे प्रकाश पार्नु भएको थियो । उक्त समारोहमा सरोकारवालाहरुद्वारा विभिन्न ३४ वटा स्लटहरुमा खानेपानी तथा सरसफाइ क्षेत्र सम्बन्धी सामग्री, मोडेल, प्रविधि, पुस्तिका, तथ्यांक, चेतनामूलक सामग्री, कार्यक्रम पद्दति, आदि प्रदर्शन गरिएका थिए । त्यसै गरी खानेपानी तथा सरसफाइ क्षेत्रका विज्ञहरुद्वारा विभिन्न सम सामायिक विषयहरुमा कार्यपत्र प्रस्तुत गरिएको थियो ।

सो समारोहमा कार्यक्रमका प्रमुख अतिथिद्वारा खुला दिसामुक्त अभियानमा विशेष योगदान दिनु हुने खानेपानी तथा ढल निकास विभाग अन्तर्गत खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका प्रमुखलाई कदरपत्र प्रदान गरिएको थियो । कार्यक्रमको आकर्षण वृद्धि गर्नको लागि राष्ट्रियस्तरका कलाकारहरुद्वारा मनोरञ्जनात्मक कार्यक्रम प्रर्दशन तथा उत्कृष्ट स्टलहरुलाई पुरस्कृत गरिएको थियो । उक्त WASH Expo संचालन पूर्व सल्लाहकार समिति गठन, संचारकर्मीसँग छलफल, रेडियो र टेलिभिजनमा अन्तरक्रिया र पत्रपत्रिका मार्फत् प्रचारप्रसार आदि क्रियाकलापहरु संचालन गरिएका थिए ।

नेपालको खानेपानी तथा सरसफाइ क्षेत्रमा कोशेढुंगाको रुपमा हेरिएको यस WASH Expo ले खानेपानी तथा सरसफाइ क्षेत्रले हासिल गरेका नविनताबारे जानकारी आदानप्रदान गर्न, क्षेत्रगत सिकाइ र सामग्रीहरुको बजारिकरण गर्न, सिकाइको आदान प्रदान गर्न, सम्बद्ध व्यक्ति एवं संघसंस्थाहरु बीच व्यवसायिक सम्बन्ध र सञ्जाल निर्माण गर्न र सरोकारवालाहरु बीच पारस्परिक लाभका लागि थप सहकार्य सुदृढ गर्न ठोस योगदान दिन सकेको छ ।

यस ऐतिहासिक कार्यक्रम मार्फत् सरोकारवालाहरु बीचको सम्बन्ध अझ बढी कसिलो हुन पुगी सम्बद्ध सबैको सामूहिक प्रयाशमा खानेपानी, सरसफाइ तथा स्वच्छताका जल्दा बल्दा चुनौतीहरु सम्बोधन गर्न उल्लेख्य मलजल र बल पुग्न सकेको छ । यसका अतिरिक्त राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रलाई उत्कृष्टताको केन्द्रको रुपमा संस्थागत गर्न ठोस सिकाई हासिल हुन सकेको छ । तसर्थ भविष्यमा पनि WASH Expo आयोजना गरी क्षेत्रगत सिकाइको सम्बन्ध विस्तार गर्नु अपरिहार्य देखिन्छ । उक्त कार्यक्रमको उद्घाटन एवं समापन सत्र खानेपानी तथा ढल निकास विभागका उपसचिव श्री बोमबहादुर कार्की र समाजशास्त्री श्री भोजेन्द्र अर्यालद्वारा सञ्चालन गरिएको थियो ।

**कमल अधिकारी**
**खानेपानी तथा ढल निकास विभाग**

**संरक्षक**

सहसचिव, खानेपानी तथा
वातावरण महाशाखा
सहरी विकास मन्त्रालय
श्री रामचन्द्र देवकोटा
महानिर्देशक
खानेपानी तथा ढल निकास विभाग

**सल्लाहकार**

श्री मनोज घिमिरे
उपमहानिर्देशक
खानेपानी तथा ढल निकास विभाग
श्री रमाकान्त दुवाडी
प्रमुख, वातावरणीय सरसफाइ शाखा
खानेपानी तथा ढल निकास विभाग
श्री नमस्तेलाल श्रेष्ठ
सरसफाइ विशेषज्ञ
युनिसेफ नेपाल
श्री भूषण तुलाधर
क्षेत्रीय सल्लाहकार दक्षिण एसिया
यूएन ह्याविट्याट
श्री सूदनराज पन्थी
नेसनल प्रोफेसनल अफिसर
विश्व स्वास्थ्य संगठन नेपाल

**लेखन तथा सम्पादन**

श्री कमल अधिकारी
समाजशास्त्री
श्री भोजेन्द्र अर्याल
समाजशास्त्री
श्री रमेश सुवेदी
इन्जिनियर
खानेपानी तथा ढल निकास विभाग

**प्रकाशक**

राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय
समितिको सचिवालय
वातावरणीय सरसफाइ शाखा
खानेपानी तथा ढल निकास विभाग
पानीपोखरी, काठमाडौं ।
फोन नं: ४४१३६७०, फ्याक्स नं: ४४१९८०२
इमेल: dwssesdms@gmail.com

## सम्पादकीय

# विपद् व्यवस्थापन

२०७२ बैशाख १२ गते आएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनले नेपाली भूमिमा ठूलो मानवीय, आर्थिक तथा प्राकृतिक क्षति पुऱ्यायो । झण्डै ८० वर्ष पछिका पुस्ताले बेहोर्नु परेको यो विनाशकारी विपद्को गहिरो दु:खको खाटा नेपाली आत्मामा सजिलै मेटिने छैन । भूकम्पले विकासका अन्य संरचनालगायत खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा पनि गहिरो प्रभाव पाऱ्यो ।

विगतमा खानेपानी र सरसफाइको क्षेत्रमा भूकम्प लगायतका विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक बढी तर व्यवहारिक तयारी तथा व्यवस्थापन सम्बन्धी अभ्यास कम हुने गरेको थियो । यसका बावजुद पनि भूकम्प प्रभावित क्षेत्रहरूमा खानेपानीको हाहाकार र खुला दिसाको विगविगी भएन । फलस्वरूप झाडापखाला, आउँ र हैजा जस्ता महामारीजन्य अप्रिय घटना भने देखा परेनन् । यसका पछाडि विशेषगरी प्रभावकारी सरकारी नेतृत्व, सरोकारवालाहरूको साझेदारी, स्थानीय लगायत अन्य निकायहरूको उल्लेखनीय सहयोग र समन्वयले महत्वपूर्ण भूमिका खेल्यो । साथै नेपाल सरकारले सन् २०१७ सम्म सबै नेपालीलाई सरसफाइको आधारभूत सुविधा (चर्पीमा पहुँच)मा पहुँच पुऱ्याउने लक्ष्यलाई प्राप्त गर्नका लागि स्थानीय निकायको नेतृत्वमा सरोकारवालाहरूद्वारा संचालित सरसफाइ प्रबर्द्धन सम्बन्धी चलेको सामाजिक अभियानरूपी खुला दिसामुक्त अभियान, यसमा आवद्ध सरोकारवालाको क्रियाशीलता र सामुदायिक सचेतनाको पनि अहम् भूमिका रहयो ।

वास्तवमा विपद्को पूर्ण स्वरूप, प्रकृति र यसले पार्ने प्रभाव एकिन गर्न नसकिए पनि देशमा देखापर्ने सम्भाव्य विपद् र त्यसले पार्ने प्रभावका सम्बन्धमा भने पूर्व तैयारी अपरिहार्य हुनुपर्दछ । खानेपानी,सरसफाइ र स्वच्छताका लागि आवश्यक पर्ने व्यावहारिक र चुस्त कार्ययोजनाका साथै विपद्मैत्री संरचनाको तर्जुमा, आवश्यक भौतिक सामाग्रीहरूको न्यूनतम संचय, सक्षम मानव संसाधन तैयारी, सूचना संयन्त्र, नेतृत्व र समन्वयको प्रभावकारी व्यवस्थाका साथै सामुदायिक सचेतनाको पूर्व तयारी जरूरी छ ।

# विपद्‌मा खानेपानी सरसफाइ व्यवस्थापन

**विपद् व्यपस्थापन**

विपद् भन्नाले प्राकृतिक तथा मानव सिर्जित घटना हो जसले समाजमा असहज, असामान्य र तनावग्रस्त स्थिति ल्याउँछ। यस्ता घटना जो मानवीय नियन्त्रण बाहिर हुन्छन् र विपद् ल्याई ठूनो नोक्सानी पुराउँछन्। विपद् प्राकृतिक,सामाजिक र सार्वभौमिक हुन्छ। सामान्यतः भूकम्प, हिउँ, पहिरो, आगालागी, बाढी, हावाहुरी, महामारीरोग, सामुद्रिक तुफान आदि विपद्का स्वरुप हुन्।

**दैवी प्रकोप उद्धार ऐन २०३९** अनुसार "दैवी प्रकोप" भन्नाले बाढी, पहिरो, आगलागी, भू-कम्प, आँधीबेरी, अतिवृष्टी, अनावृष्टी, भोकमरी, पशुपंक्षी तथा अन्य जीवबाट सरुवा भई आउने रोग वा सरुवा रोगको महामारी र यस्तै प्रकृतिका प्राकृतिक विपद्लाई जनाउँछ। साथै औद्योगिक विस्फोटन र विषादीको फैलावट लगायतलाई समेत बुझिन्छ।

प्राकृतिक तथा मानव सृर्जित विपद् वा घटनाको जोखिम कम गर्न वा विपद् आई सकेपछि त्यसको सही व्यवस्थापनका लागि अवलम्बन गरिने शैली नै विपद् व्यवस्थापन हो। विपद् व्यवस्थापन भित्र मूलतः दुई वटा पक्षहरु समावेश रहेका छन्:

**क) जोखिम न्यूनिकरण** : विपद् वा जोखिम आउनु अगाडि त्यसलाई आउन नदिन वा त्यसको प्रभाव कम गर्ने **(ख) विपद्को संकट व्यवस्थापन** : विपद् आइसकेपछि सकुशल रुपमा त्यसको व्यवस्थापन गर्नका लागि **3'B' (Build Back Better)** अर्थात **अझ राम्रो बनाउने** सिद्धान्त अवलम्बन गर्ने।

विपद् आउनु अघि यसको प्रभाव कम गर्नका लागि खानेपानी तथा सरसफाइका संरचनाहरु विपद्मैत्री बनाउने र सोही अनुरुप व्यवहारिक एवं व्यवस्थापकीय शैली अवलम्बन गर्ने, उच्च जोखिम क्षेत्रहरुको पहिचान गरी न्यूनतम सामग्री जोहो गर्ने, एकीकृत सूचना व्यवस्थापन प्रणाली अवलम्बन गर्ने, सक्षम मानव संसाधानको व्यवस्थान गर्ने तथा विपद् आइ सकेपछि तत्काल अति आवश्यक क्षेत्रहरुमा प्राथमिकता अनुरुप खानेपानी र सरसफाइको व्यवस्था गर्ने अनि **अझ राम्रो बनाउने** सिद्धान्त अनुरुप राहत, पुर्नस्थापना र पुर्ननिर्माण कार्य गर्नुनै खानेपानी र सरसफाइको क्षेत्रको विपद् व्यवस्थापन हो। विपद् व्यवस्थापनको सामान्य सैद्धान्तिक चरण तथा चक्रलाई वक्स नं. १ मा उल्लेख गरीएको छ।

**खानेपानी र सरसफाइमा विपद् व्यवस्थापनका तत्वहरु** : सामान्यतः खानेपानी र सरसफाइको क्षेत्रमा विपद् व्यवस्थापनका लागि निम्न तत्वहरु अपरिहार्य देखिन्छन्:

- ☐ प्रस्ट र चुस्त नीतिगत व्यवस्था।
- ☐ संस्थागत सांगठनिक संरचना र कुशल नेतृत्व।
- ☐ विपद् व्यवस्थापन सम्बन्धी आधारभूत, विषयगत ज्ञान र सीप।
- ☐ एकीकृत सूचना व्यवस्थापन।
- ☐ न्यूनतम राहत सामाग्रीहरुको उपलब्धता।

**बक्स नं. १ : विपद् व्यवस्थापनको सैद्धान्तिक चरण तथा चक्र**




- ☐ वित्तिय तथा मानव संशाधनको उपलब्धता।
- ☐ जिम्मेवारीपूर्ण कार्यशैली र जवाफदेहिता।
- ☐ अन्तर्राष्ट्रिय सहयोग ।
- ☐ जनसहभागिता र सहयोग।

**वैशाख १२ को विनाशकारी भूकम्प**

२०७२ वैशाख १२ को विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनले ३१ जिल्ला प्रभावित भए भने १४ जिल्लामा बढी जनधन तथा प्राकृतिक क्षति पुऱ्यायो। भूकम्पले विकासका अन्य संरचनाहरु लगायत खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा पनि गहिरो प्रभाव पाऱ्यो। भूकम्प आए पश्चात नेपाल सरकारको पदाधिकारीहरुलाई काठमाडौं उपत्यका लगायत विभिन्न जिल्लाहरुमा विभिन्न सेल्टर तथा समुदायहरुमा अन्य सुविधाहरु लगायत खानेपानी र सरसफाइको सेवा उपलबध गराउने विषयगत जिम्मेवारी दिइयो र सोही अनुरुप कार्य भयो। विशेष गरी खानेपानी तथा ढल निकास विभागको नेतृत्व र यूनिसेफ नेपालको सहनेतृत्वमा खानेपानी, सरसफाइ र स्वच्छता समूह (अर्थात वास कलस्टरका)का सरोकारवालाहरुको समन्वय र सहकार्य मार्फत यस क्षेत्रमा पुगेको क्षतिको विवरण संकलन तथा आवश्यक सामग्रीहरु उपलब्ध गराइयो। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सस्थाहरुबीच समन्वय गरी विभिन्न जिल्लाहरुमा तत्कालका लागि राहत अर्थात खानेपानी र सरसफाइको व्यवस्थाका लागि परिचालन गरियो। जिल्ला तहमा पनि जिल्ला दैवी प्रकोप उद्वार समितिको समन्वयमा रही जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति एवं वास कलस्टरले खानेपानी र सरसफाइका सुविधाहरु व्यवस्थान गऱ्यो। केन्द्र तथा जिल्लाको वास कलस्टरको समन्वयमा सूचना व्यस्थापन र सामग्रीहरुको वितरण र विभिन्न सहयोगी संघ संस्था तथा विकास साझेदारहरुको परिचालन भयो। साथै विपद्मा खानेपानी, सरसफाइ र स्वच्छता व्यवस्थापनका लागि विभिन्न चेतनामूलक सामग्रीहरुको विकास, वितरण एवं संचारक्षेत्रसँग सहकार्य गरियो। साथै केन्द्रीय वास कलस्टरद्वारा खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी तयार गरिएको मार्गदर्शनलाई राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समितिद्वारा अनुमोदन गरी हाल कार्यान्वयन भईरहेको छ।

सन् २००० बाट प्रत्येक वर्ष मनाउँदै आएको सरसफाइ सप्ताह यस वर्ष पनि जुन ५ देखि ११ सम्म **विपत्तीको बेला पनि सफा राखौं धर्ती, सधैं सफा स्वच्छ रहन प्रयोग गरौं चर्पी** भन्ने नाराका साथ १६ औं राष्ट्रिय सरसफाइ सप्ताह आयोजना गरियो। सप्ताहमा भूकम्पबाट प्रभावित भएका जिल्लाहरुमा विशेष गरी चर्पी नभएका स्थानमा अस्थायी चपीको प्रयोग, साबुन पानीले हात धुने व्यवहार र सुरक्षित खानेपानी प्रयोगलाई जोड दिइयो भने अन्य जिल्लाहरुमा सरसफाइ अभियानलाई तीव्रता दिने गरी सरोकारवालाहरुद्वारा सरसफाइ प्रवर्द्धनात्मक क्रियाकलापहरुलाई संचालन गरियो।

भूकम्पले एकातिर खानेपानी र सरसफाइको सहज पहुँचमा चुनौती थपिदियो भने अर्कोतिर मासिसको आर्थिक सामाजिक क्षेत्रमा प्रभाव पाऱ्यो। मानिसको समय खानेपानी संकलन गर्न खर्च भयो, काम गर्ने समय खेर गयो, बालबच्चाको स्याहार सुसारमा कम समय दिइयो, विद्यालयमा विद्यार्थीहरुको उपस्थिति घट्यो, चर्पीको अभावमा मानिसको स्वाभिमान र ईज्जतमा प्रभाव पऱ्यो। साथै सन् २०१७ सम्म खानेपानी र सरसफाइको आधारभूत सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य प्राप्तिमा ठूलो धक्का लाग्यो।

राष्ट्रिय योजना आयोगद्वारा Post Disaster Need Assessment (PDNA) गरियो। जसको प्रारम्भिक तथ्यांक अनुसार भूकम्पबाट बढी प्रभावित १४

जिल्लाका ११,२२८ खानेपानी आयोजनाहरु मध्ये १५७० पूर्ण रुपमा र ३६६३ आंशिक रुपमा क्षति भएको अनुमान गरिएको छ । साथै खानेपानी आयोजनाहरुको निरन्तर संचालन र गुणस्तरीय पानीको उपलब्धता अझ चुनौतीका रुपमा देखिएका छन् । यसैगरी लगभग २,२०,००० चर्पी आंशिक तथा पूर्ण रुपमा क्षति भएको अनुमान गरिएको छ । जसले सरसफाइ प्रवर्द्धनमा ठूलो आघात पुगेको छ । विशेष गरी खुला दिसामुक्त घोषित भक्तपुर, गोरखा, मकवानपुर र खुला दिसामुक्त घोषणाको संघारमा पुगेका सिन्धुपाल्चोक र दोलखा लगायतका भूकम्पबाट बढी प्रभावित जिल्लामा बढी जोखिम रह्यो ।

राष्ट्रिय योजना आयोगले **Build Back Better** कार्यहरुलाई जोड दिएको छ । यस सिद्वान्त अर्न्तगत खानेपानी र सरसफाइ क्षेत्रको पुर्नस्थापन तथा पुर्ननिर्माणका लागि १८.१ विलियन खर्च लाग्ने अनुमान गरिएको छ । मूलतः नयाँ खानेपानी प्रणालीहरु पुर्नस्थापन तथा पुर्ननिर्माण गर्ने, खानेपानी सुरक्षा योजनामार्फत् खानेपानीको गुणस्तर वृद्धि गर्ने, सरसफाइका लागि सामाजिक अभियान संचालन गर्ने, सहरी फोहोर व्यवस्थापन आयोजना कार्यान्वयन गर्ने, विपद् व्यवस्थापनका लागि सामुदायिक तथा संस्थागत क्षमता विकास गर्ने, सेवा प्रदायकहरुको सुशानमा जोड दिने, समतालाई मध्यनजर गरी सेवा विस्तार गर्ने, क्षेत्रगत अनुगमन संन्यन्त्रको विकास गर्ने आदि क्रियालापहरुमा केन्द्रीत रही निम्न लिखित अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन क्रियाकलाहरुलाई जोड दिएको छ :

- **अल्पकालीन कियाकलापहरु** : अस्थायी तथा स्थायी चर्पी र साबुनपानीले हात धुने सुविधाको व्यवस्था, समुदायको अगुवाइमा सरसफाइ कार्यक्रम संचालन, आंशिक क्षति भएका खानेपानी प्रणालीको पूर्नस्थापन, विस्तार तथा पुर्ननिर्माण, विपद्को तयारी, सुशासन क्षमताको विकास, **अझ राम्रो बनाउ** मार्गदर्शन तयारी, समन्वय र अनुगमन संयन्त्रको तर्जूमा, पुर्ननिर्माण योजनाको विकास ।
- **मध्यकालीन तथा दीर्घकालीन प्राथमिकता** : सरसफाइका लागि सामाजिक अभियान, निजीक्षेत्रद्वारा सरसफाइ सुविधाहरुको विस्तार, सहरी फोहोर तथा लेदो व्यवस्थापन, खानेपानी आपूर्ति र व्यवस्थापन, विपत् व्यवस्थापन लागि पैरवी र क्षमता विकास, समतामूलक आयोजना एवं क्षेत्रगत विकास योजना आदिलाई जोड दिएको छ ।

समग्रमा **रोगको उपचार गर्नु भन्दा रोग लाग्नै नदिनु निको** भन्ने मान्यता अनुरुप खानेपानी र सरसफाइको क्षेत्रमा विपद्को प्रभाव कम गर्नका लागि पूर्व तयारी एवं यसको प्रभावको व्यवस्थापनका लागि माथि उल्लेखित लगायत तपसीलका उपायहरु अवलम्बन गर्नु अपरिहार्य देखिन्छ :

- केन्द्रीय तथा जिल्ला स्थित दैवीप्रकोप उद्धार समितिसँग समन्वय ।
- सबै तहका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई अभिमुखीकरण मार्फत सक्रियता ।
- उक्त समन्वय समितिहरुको प्राविधिक एकाईका रुपमा वास कलस्टरको सक्रियता ।
- खानेपानी र सरसफाइका नियमित आयोजना तथा कार्यक्रमहरुमा विपद्लाई अभिन्न एकाईका रुपमा स्थापित ।
- व्यापक जनसहभागितामा खानेपानी र सरसफाइ कार्यक्रम संचालन ।
- वातावरणमैत्री एवं विपद्मैत्री संरचना निर्माण ।
- साझेदारी तथा समन्वयमा खानेपानी र सरसफाइ राहत प्याकेज कार्यक्रम संचालन ।
- जोखिम क्षेत्रहरुको तथ्यांक सकलन गरी आदान प्रदान गर्ने र सोही अनुरुप तयारी ।
- साझेदारी र समन्यमा राहत सामग्रीहरुको भण्डारण र आवश्यकता तथा प्राथमिकताकताका आधारमा वितरण ।
- विपद् व्यवस्थापनका लागि मानव संशाधनको क्षमता विकास तथा संस्थागत सुदृढीकरण र जिम्मेवारी ।
- खानेपानी र सरसफाइ सम्बन्धी विपद् व्यवस्थापन कोषमा प्र्याप्त रकम व्यवस्थापन ।
- खानेपानीको सुरक्षा, चर्पीको प्रयोग र स्वच्छता सम्बन्धी सन्देश आमसंचार माध्यम मार्फत प्रचार, जनचेतना, पैरवी सम्बन्धी कार्यक्रम संचालन ।
- खानेपानी सुरक्षा योजना र सरसफाइ सम्बन्धी एकीकृत सूचना प्रणालीको व्यवस्थापन ।
- सार्वजनिक स्थान, सम्भाव्य पुर्नस्थापन केन्द्र तथा शिविरहरुमा खानेपानी र सरसफाइका संरचनाको निर्माण तथा संचालन ।

**भोजेन्द्र अर्याल र कमल अधिकारी**
**खानेपानी तथा ढल निकास विभाग**

## सन्दर्भ सामग्रीहरु :

- सरसफाइ गुरु योजना, २०६८, नेपाल सरकार,
- ***Kamal Adhikari, Sanitation in Nepal: Past, Present and Future,*** *Kunti Bhoomi Memorial Trust, 2015*
- ***National Earthquake 2015,*** *Post Disaster Needs Assessment Vol, B, NPC/GoN, 2015*
- ***Central WASH Cluster Secretariat , (Unpublished Information), DWSS, Panipokhari, Kathmandu, 2015***
- ***International Disaster Response Law (IDRL)*** *in Nepal, Nepal Red Cross Society/IFRC and Red Crescent Societies*
- ***National Strategy for Disaster Risk Management in Nepal,****2008*
- ***Natural Calamity (Relief) Act*** *2039, HMG, Nepal*



*नवलपरासी जिल्ला खुला दिसामुक्त घोषणा समारोहमा सम्मानीय उपराष्ट्रपति परमानन्द झा, अन्य अतिथि र डीवाससीसीका सदस्यहरु । (स्रोत : रामचन्द्र काफ्ले)*

# पूर्ण सरफाइयुक्त जिल्ला बनाउन रोल्पामा साझा अभियान

**"एक घर एक चर्पी रोल्पावासीको सान, पूर्ण सरसफाइयुक्त जिल्ला हाम्रो पहिचान" भन्ने मुख्य नारा सहित** रोल्पामा सुरु भएको खुला दिसामुक्त अभियान सफल भएको छ। जिल्लाभित्रका सबै घरहरुमा शौचालय निर्माण भइसकेका छन्। यतिबेला रोल्पा जिल्लाका हरेक गाउँघरमा चर्चाको विषय बनेको छ-अब जिल्लालाई पूर्ण सरसफाइयुक्त बनाउने योजना सफल बनाउने। जिल्लाका सबै घरहरुमा शौचालय निर्माण भइसकेकाले अबको दोस्रो चरण सरसफाइ अभियान सफल बनाउने तर्फ सम्पूर्ण पक्ष लागेको छ। रोल्पामा यो अभियान यसै सफल भएको भने होइन। खुला दिसामुक्त क्षेत्र बनाउन र सरसफाइ विषयलाई यहाँका सबैले साझा सरोकार बनाएकाले सफल भएको हो। यसका लागि सम्बन्धित पक्षले कडा मेहनत समेत गरे।

तेह्रौं रोल्पा जिल्ला परिषद्बाट विभिन्न सरोकारवालाहरुको छलफलबाट जिल्लालाई सफा बनाउने बारे पहिलो पटक साझा मुद्दाका रुपमा योजना अघि सारिएको थियो। जिल्ला परिषद् को मिति २०६५ पुस ३ गतेको बृहत् भेलाले रोल्पा जिल्लालाई सन् २०१५ भित्र खुला दिसामुक्त जिल्ला घोषणा गर्ने निर्णय पहिलो पटक गरेको थियो। यही अनुसार जिल्ला, गाविस तथा अन्य सरोकारवालाहरुले साझा योजना बनाएर गाउँ जागरण सुरु गरिएको थियो। जिल्लामा भएका ४९ (तत्कालीन अवस्थामा ५१) गाविसमै सार्वजनिक महत्वको विषय बनाइएको हो खुला दिसामुक्त अभियानलाई। पछि नगरपालिका गठन भएपछि सदरमुकाम लिबाङमा पनि यस विषयलाई पहिलो प्राथमिकताको छलफल एवं बहसको विषय बनाइएको हो। सर्वसाधारण, महिला, दलित, जनजाति समुदाय, शिक्षक, युवा, बृद्ध-बृद्धा तथा कर्मचारी समेतको महत्वपूर्ण सहभागितामा रोल्पाभर खुला दिसामुक्त अभियान कार्यक्रम चलाइएको थियो। यसका लागि जिल्लास्थित राजनीतिक दलका नेताहरुको महत्वपूर्ण चासो रह्यो।

कुनै बेला रोल्पाका गाउँहरुमा पुग्ने जो कसैलाई शुद्ध खानेपानी पाउन र लुकेर दिसा पिसाब गर्न मन लागेपनि त्यो असंभव थियो। कारण, गाउँमा शौचालय थिएनन् र घर नजिक खानेपानीको धारा थिएनन्। तर अहिले त्यो अवस्था फेरिएको छ। यतिबेला गाउघरमा शुद्ध पानी पिउनुपर्छ र दिसा पिसावलाई व्यवस्थित लुकाउन पनि उचित स्थान (शौचालय) को आवश्यकता पर्छ भन्ने कुरा साना बालबालिकाले पनि जान्ने गरेका छन्। फलस्वरुप जिल्लाका सबै गाविस र नगरपालिकालाई खुला दिसामुक्त क्षेत्र घोषित गरिसकिएको छ। यस अभियानका लागि जिल्लाभरका विभिन्न सरोकारवालाहरुको व्यापक सहभागिता रहेको थियो।

जिल्ला खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति (जिल्ला समन्वय समिति) का सदस्य सचिव एवं खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालय रोल्पाका प्रमुख इन्जिनीयर रमेश सुवेदीका अनुसार जिल्लावासीले सरसफाइ अभियानलाई उच्च प्राथमिकतासाथ अघि सारेका छन्। 'सबै पक्षले एकै साथ अभियान चलाएकाले खुला दिसामुक्त जिल्ला घोषित गर्न र पूर्ण सरसफाइयुक्त जिल्ला बनाउने तयारी हुँदैछ। उहाँका अनुसार राजनीतिक दल, नागरिक समाज, सञ्चार माध्यम तथा सरोकारवाला सबैको एक साथ प्रयासले यो काम सम्भव भएको हो। रोल्पा जिल्लामा सरसफाइ एवं खुला दिसामुक्त क्षेत्र बनाउने अभियानलाई साथ दिने थुप्रै सरोकारवालामध्ये निम्न पक्ष अग्र पंक्तिमा आउँछन् :

**सरसफाइ अभियानमा राजनीतिक दलहरु :** जब गाउँघरमा सरसफाइबारेमा जहाँजहाँ कुरा चल्यो वा गाउँलाई खुला दिसामुक्त क्षेत्र बनाउने चर्चा चल्यो, स्थानीय गाउँका नेताहरु त्यो छलफलमा अग्रपंक्तिमा उभिन पुगे। कतिसम्म भने आफ्नो घरमा पहिलो पटक शौचालय निर्माण गर्न राजनीतिक दलका कार्यकर्ताले प्रतिवद्धता गरे। शौचालय निर्माण गर्न नसक्ने सर्वसाधारणलाई सहयोग गर्ने पनि उनीहरु अघि सरे। दलका स्थानीय नेताहरुले यस विषयलाई गम्भीरतापूर्वक लिएर गाउघरमा सरसफाइ अभियान बढाउने गरे र यसबाट चेतनामूलक प्रभाव व्यापक रुपमा फैलियो। यो विषयमा ग्रामीण तहमा कार्यरत उनीहरुले जिल्ला तहका नेतालाई समेत जानकारी गराए।

दलका जिल्ला स्तरीय नेताहरुले सर्वदलीय बैठक बसेर खुला दिसामुक्त अभियानलाई सफल बनाउन सुरु अवधिमै विशेष निर्णय गरे। दलका नेताहरु गाउँमा पुग्ने र पार्टीका छलफल र कार्यक्रमहरुमा पनि यस विषयमा चर्चा गर्ने अभियान सुरु भएपछि गाउँलेहरुमा थप ऊर्जा मिल्दै गएको हो। एक प्रकारले दलका कार्यकर्ता र नेताले शौचालय बनाउने र सरसफाइमा ध्यान दिने विषयलाई पार्टीको काम जत्तिकै प्राथमिकता दिएर गरे। हरेक गाविसलाई खुला दिसामुक्त घोषित गर्ने अभियानमा पार्टीका जिल्ला तहका नेता आफै उपस्थित भए। त्यस अभियानलाई सघाए र अभियानलाई थप साझा बनाउन प्रभाव जिल्लाभर बनाउन सहयोग गरे। दलका नेताहरुको समन्वयमा पार्टीका केन्द्रीय नेताहरु समेत गाउँमा आए। उनीहरुले गाउमै पुगेर सरसफाइ अभियानबारे 'भाषण' गरे। यति मात्र होइन, गाउँ जागरण जस्तै अभियान थाले। यसका लागि जिल्लामा क्रियाशील साना ठूला करिब ८ दलका जिल्ला तहका नेताहरुले खुला दिसामुक्त तथा सरसफाइ कार्यक्रमलाई उच्च प्राथमिकता दिएर कार्यक्रमलाई सघाएका थिए। खुला दिसामुक्त कार्यक्रमका लागि रोल्पाका गाउँसम्म मन्त्री, केन्द्रीय नेता, उच्च प्रशासक एवं जिल्ला नेताहरुले पनि सक्रियता देखाएका थिए।

**सञ्चार माध्यमको सहयोग :** खुला दिसामुक्त अभियान चलेदेखि नै जिल्लाका सबै सञ्चारमाध्यमहरुले यस विषयलाई अति नै उच्च प्राथमिकतासाथ छलफल र बहसमा ल्याए। सरसफाइको के महत्व छ ? खुला दिसामुक्त क्षेत्र र यसको आवश्यकता तथा यसका लागि सामाजिक अभियान किन आवश्यक भयो ? भन्ने बारेमा यहाँका सबै सञ्चार माध्यमहरुले चर्चाको विषय बनाउदै आएका हुन्। खुला दिसामुक्त अभियानका बारेमा स्थानीय सामुदायिक रेडियोहरुले दैनिकजसो नै छलफलको विषय बनाए भने पत्रपत्रिकाले प्राथमिकतासाथ समाचार निर्माण गरे। साथै यस विषयलाई राष्ट्रिय सञ्चार माध्यमहरुले पनि समाचार बनाएर चर्चालाई सघाए। यसरी सञ्चार माध्यमले जिल्लालाई सफा बनाउन थालिएको विषयलाई साझा विषयका रुपमा प्रचार गरेर गुन लगाएका छन्।

**सरकारी कार्यालयहरु :** खुला दिसामुक्त क्षेत्र बनाउने अभियानको नेतृत्व गरेका मुख्य दुई कार्यालय जिविस र खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालयले अन्य सरकारी कार्यालयसँग समन्वय गरेर यस अभियानलाई निरन्तरता दिएका हुन्। जिल्ला खानेपानी तथा सरसफाइ स्वच्छता समन्वय समिति (जिल्ला समन्वय समिति) मार्फत जिल्ला विकास समिति र खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालयले जिल्लामा गरेका कार्यक्रमलाई गाविस, सामाजिक संस्था, राजनीतिक दल, नागरिक समाज, महिला संस्था तथा विद्यार्थीलगायतले सघाए। स्थानीय विकास अधिकारी, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय एवं दलका नेताहरुले यस विषयलाई मुख्य बनाएर गाउँसम्म पुग्ने गरेकाले गाउँलेहरुमा हौसला बढेको थियो। प्रमुख जिल्ला अधिकारी समेत गाउँहरुमा पुगेर यस विषयबारे जानकारी गराउँदै हिडेपछि स्थानीय समाजको भित्री तहसम्म सरसफाइ विषयले गहिरिन पायो। गाउँ पुग्ने जोसुकै नेता एवं सरकारी अधिकारीले सरसफाइलाई मुख्य जिम्मेवारी ठानेर सघाए। तत्कालीन मन्त्री, सभासद, नेता, प्रमुख

सरसफाइ सन्देश
चैत ०७१-कात्तिक २०७२,
वर्ष ४, संयुक्ताङ्क १०-११

जिल्ला अधिकारी लगायतले गाउँलेहरुलाई हात धुन समेत सिकाए । सुन्दा सामान्य लाग्ने हात धुने अभियानले पनि जिल्लाभर चर्चा पायो । हात धुदा जान्नै पर्ने चरणबारे प्रायः अनभिज्ञ रहने सर्वसाधारणले हात धुने तरिका जान्न पाएपछि खुशी पनि व्यक्त गरे । यो अभियान सदरमुकामदेखि अति दुर्गम गाउँ थबाङ, गाम, उवा, पाछाबाङ, राँक र पाखापानीसम्म पुन पुऱ्याइयो ।

**निष्कर्ष :**

यहीबाट सुरु भएको सशस्त्र युद्धले थिलोथिलो भएको रोल्पामा सुरुमा त सरसफाइ अभियानले खास गति लिन सकेन । चर्को द्वन्द्वको मार खेपेका जिल्लावासीले सुरुका दिनमा युद्धको पीडाबाट माथि उठ्ने बाहेकका अरु विषयमा सोच्न सकेनन् । यसमा खासै चासो दिएनन् । तर समयक्रममा यस विषयले गाउँसम्म प्रवेश पाएपछि क्रमशः गाउँलेहरुले आत्मसात गर्न थाले । त्यसै लगत्तै खुला दिसामुक्त र सरसफाइ अभियानलाई दुर्गम ग्रामीण भेगसम्म पुऱ्याउन मद्दत पुग्यो । गाउँलेहरु आफै पनि लागिपरे । दशक लामो सशस्त्र युद्धको औपचारिक समापन सुरु भए लगत्तै एकातिर नयाँ संविधान बनाउने काम सुरु भयो भने अर्कोतिर गाउँघरमा शौचालय निर्माण गर्ने कामलाई पनि उत्तिकै महत्व दिन थालियो ।

सरसफाइ अभियानलाई सबैको साझा अभियान बनाउँदै उच्च प्राथमिकताको कार्यसूचीमा राखेर सर्वसाधारणमा चासो बढाउने योजना त्यसैबेला बनाइएको हो । यस अभियानलाई मद्दत गर्न त्यसको अगुवाई गरेका जिल्ला विकास समिति र खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालयले नियमित रुपमा आफ्नो गातिविधि बनाउँदै गए र दुवै कार्यालयमा रोल्पा जिल्लाको सरसफाइ अभियानबारेमा जानकारी दिन सरसफाइ सूचना डेस्क स्थापना गर्ने अति नै राम्रो निर्णय गरियो । तब मात्र जिल्ला विकास समिति र गाउँ स्तरमा गाउँ विकास समितिको पूर्ण नेतृत्व अघि बढ्यो । गाउँ र जिल्लामा सरसफाइ योजना सफल बनाउन डाले कोषको अवधारणा अघि ल्याएर स्थापित समेत गरियो । यो विषयलाई आम संचारका सबै माध्यमको पूर्ण सहयोग रहेर सामूहिक अभियानको रुपमा सहकार्य अघि बढ्यो ।

सरसफाइ र खुला दिसामुक्त क्षेत्र घोषणा बारेमा सुर्खेत घोषणा २०६६ तथा नेपालगंज प्रतिबद्धता २०६७ समेतलाई पूर्ण स्वीकार गरेर जिल्लामा कार्ययोजना बनाउने र क्रियाशीलता बढाउने योजना अघि सारिएको थियो । जसलाई सहयोग पुऱ्याउन रोल्पा जिल्लामा पहिलो पटक २०६७ पुस १४ मा सबै गाविस सचिवहरुको संयुक्त भेलाले प्रतिवद्धता जनाए र अभियानका रुपमा काम गर्ने योजना बनाए । यसका साथै शौचालय बनाउने र सरसफाइ अभियानलाई सघाउने बारेमा पत्रकार, राजनीतिक दल, नागरिक समाज, सरकारी कार्यालय, महिला संस्था, विद्यार्थी, युवा तथा गैर सरकारी संस्थाहरुले छुट्टा छुट्टै प्रतिवद्धता गरेर सरसफाइ कार्य आफैबाट सुरु गर्ने घोषणा समेत गरे । लिखित रुपमा गरिएको यस प्रतिवद्धतालाई पूरा गर्न सबै पक्ष उत्तिकै सक्रिय भई लागे । यसरी जिल्लामा भएको संयुक्त गतिविधिले अन्ततः सबैका घरमा शौचालय निर्माण गर्न सफलता मिल्यो । यसैबीच जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने बारेमा क्षेत्रीय समन्वय समिति सुर्खेतले रोल्पा जिल्लामा अनुगमन निरीक्षण बढाएका छन् । राजनीतिक दल, जिविस, खानेपानी तथा सरसफाइ सव डिभिजन कार्यालय, सरकारी/गैर सरकारी निकाय एवं नागरिक समाज प्रतिनिधिसँग छलफल, समन्वय र कार्यक्रम गरेकाले जिल्लालाई खुला दिसामुक्त र पूर्ण सरसफाइयुक्त बनाउने प्रयास अघि बढेको छ ।

**काशीराम डाँगी,**
*नेपाल पत्रकार महासंघ रोल्पाका संस्थापक अध्यक्ष तथा कान्तिपुर रोल्पा संवाददाता ।*

## गजल

साबुन पानी प्रयोग गरौं दिसा गरेपछि ।
जिन्दगीमा लिनु के छ आफू मरेपछि ॥

आनीबानी फेर्नुपर्छ पुरानोलाई छोडनुपर्छ ।
खोला दिसा गर्ने बानी चर्पी सरेपछि ॥

व्यक्तिगत सरसफाइसँगै स्वस्थ्य जिउन सिकौं ।
फर्केर नआउनु पर्ला खोला तरे पछि ॥

घरायसी सरसफाइ गरौं चर्पी सफा राखौं ।
पानी धेरै राख्नु पर्छ दिसा गरेपछि ॥

मैत्रीपूर्ण चर्पी बनाऔ चेतनाको विकास गरौं ।
ब्रस लगाई सफा गरौं, हरपिक छरेपछि ॥

झाडापखाला सगसंगै हैजा पनि लाग्छ ।
मरुभूमि पलाउँछ पानी परेपछि ॥

बुद्धिसिंह बिष्ट



महिनावारी व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रम *(स्रोत : जीएनआई)*




सरसफाइ सम्बन्धी ट्रिगरिङ्ग तालिममा क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय काठमाडौंका निर्देशक मनोज घिमिरे लगायत अतिथि तथा धादिङ्ग, नुवाकोट र रसुवाका सहभागीहरु । *(स्रोत : खापासडिका, नुवाकोट)*

# गोरखा जिल्लामा सरसफाइको स्थिति : एक झलक





नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चलमा गोरखा जिल्ला पर्दछ । ३६१० वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस जिल्लामा ६६५१६ घरधुरीमा २७१०६१ जनसंख्या बसोबास गर्दछन् । यस जिल्लाका मूख्य चिनारीको रुपमा मनकामना मन्दिर, गोरखा दरबार, गोरखकाली, गोरखनाथ, मनास्लु क्षेत्र, लिगलिगकोट आदि पर्दछन् । ३३९ प्रा.वि., ८० नि.मा.वि., ६० मा.वि. र ५८ उ.मा.वि. रहेको यस जिल्लाको साक्षरता दर ८२ % मात्र छ ।

२०६८ साउन १९ गते नेपाल सरकारले सरसफाइ गुरु योजना २०६८ पारित गरी लागू गरेपछि सबै जनतामा आधारभूत सरसफाइको सुविधा पुऱ्याउन स्थानीय निकायको नेतृत्वलाई आत्मसात गर्दै सबै घरधुरीमा स्वच्छ र टिकाउ चर्पीको पहुँच पुऱ्याई जिल्लाभरमै सरसफाइ, स्वच्छता, स्वास्थ्य तथा वातावरणमा सुधार ल्याउन एउटा सशक्त अभियानको खाँचो महशुश भयो । **"एक घर एक चर्पी गोरखालीको सान्, सन् २०१४ सम्म खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने हाम्रो अभियान"** भन्ने नारा सहित सन् २०१४ सालको अन्तसम्म जिल्लालाई खुला दिसामुक्त तथा सरसफाइयुत्त जिल्लाको रुपमा स्थापित गर्न जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गोरखाले जिल्लाको २ वर्षे सरसफाइ कार्य योजना २०६९ बनाई सरसफाइ अभियान अगाडि बढायो ।

चेतनाको कमी, परम्परागत सोच, सीमित श्रोतसाधन, समन्वयको कमी, पानीको श्रोतको कमी जस्ता चुनौती विद्यमान रहेकोमा उक्त २ वर्षे सरसफाइ कार्ययोजना पश्चात सरकारी, गैरसरकारी निकाय, स्थानीय निकाय, स्थानीय समुदायको समन्वयात्मक तथा एकीकृत प्रयास पछि सरसफाइ अभियानमा तीव्रता आयो । फलस्वरुप आधारभूत सरसफाइको पहुँच ०६८ आषाढमा ४५.०३% रहेकोमा ०६९ आषाढमा ४९.३१%, ०७० आषाढमा ५६.५९%, ०७१ आषाढमा ९२.८८% हुँदै ०७१ मंसिर मसान्तमा आधारभूत सरसफाइको पहुँच शतप्रतिशत पुगी ६० गा.वि.स. र २ न.पा. (साविकमा ६६ गा.वि.स. र १ न.पा.) रहेको गोरखा जिल्लालाई २०७१ पौष १६ गते नेपालको १९औं खुला दिसामुक्त जिल्लाको रुपमा घोषणा गर्न हामी सफल भयौं ।

### सरसफाइ अभियानका मुख्य सिकाइ

- ✓ सकारात्मक सौंच, संकल्प, संचार, समन्वय र सहकार्य (५'स') भएमा लक्ष्य हासिल गर्न सकिने ।
- ✓ अभियानमा राजनीतिक पार्टीहरूको प्रतिवद्धताको अनिवार्यता
- ✓ शौचालय निर्माणमा अनुदान होइन, सम्मान, प्रविधि हस्तान्तरण र जागृति अनिवार्य ।
- ✓ गाउँभन्दा सहर गाह्रो, गरीब भन्दा धनी अप्ठयारो ।
- ✓ स्थानीय श्रोत साधनको उच्चतम परिचालन नै सरसफाइ विस्तारको प्रमुख कडी ।

खुला दिसामुत्त क्षेत्र घोषणाको अवस्था पूर्णसरसफाइ अभियानको आधार स्तम्भ मात्र हो । खुला दिसामुक्त क्षेत्रको अवस्थालाई दिगोपना राख्न समयमै पूर्ण सरसफाइ कार्यक्रम मार्फत निर्माण भएका शौचालयको नियमित प्रयोग, मर्मत सम्भार र उचित व्यवस्थापन, नयाँ निर्माण हुने घरमा शौचालय निर्माण अनिवार्य, साबुनपानीले हातधुने बानीको विकास, सुरक्षित पिउने पानीको प्रयोग, व्यक्तिगत-घरायसी र वातावरणीय सरसफाइको प्रवर्द्धन, खानेपानी मूहानको संरक्षण र फोहोर पानीको उचित निकास गरी पूर्ण सरसफाइयुक्त क्षेत्रमा परिणत गर्न आवश्यक छ, जुन आफैंमा चुनौतीपूर्ण पनि छ ।

२०७२ बैशाख १२ गते यस जिल्लाको वारपाकलाई केन्द्रविन्दु बनाई आएको विकासकारी भूकम्प र त्यसपछिका पराकम्पनबाट २१५०० शौचालय पूर्ण रुपमा र १४७५० शौचालय आंशिक रुपमा क्षति पुग्यो । यसरी क्षति भएका शौचालयहरुको पूनर्स्थापना, पून:निर्माण र नियमित प्रयोगमा जोड दिने तथा समयमा नै खुला दिसामुक्त घोषणाको दिगोपना र निरन्तरता काय गरी जिल्लालाई पूर्ण सरसफाइतर्फ अगाडि बढाउन खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा काम गर्ने सबै सरोकारवाला निकायबीच एकिकृत, समन्वयात्मक सहयोग र पैरवी आवश्यक देखिन्छ । जसमार्फत जिल्ला पूर्ण सरसफाइयुक्त नमूना जिल्लाको रुपमा स्थापित भै सुरक्षित खानेपानी तथा सरसफाइ र स्वच्छता मार्फत जिल्लाले मानव विकासमा ठूलो फड्को मार्ने देखिन्छ ।

**नारायण प्रसाद आचार्य**
खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, गोरखा





*सरसफाइमा साँस्कृतिक संलग्नता ।
(स्रोत : प्लान नेपाल)*




*संखुवासभाको चैनपुर नगरपालिका खुला दिसामुक्त घोषणा समारोह (स्रोत : उत्तम रेग्मी)*




*पाल्पा जिल्लाको हुँगी गाविस खुला दिसामुक्त घोषणा समारोह ।(स्रोत : खापासडिका, पाल्पा)*

सरसफाइ सन्देश

चैत ०७१–कात्तिक २०७२,
वर्ष ४, संयुक्ताङ्क १०–११

# समुदायले बनायो विपन्न एकल महिलाको शौचालय

डोटी जिल्ला दुर्गामाण्डौ गाविसवडा नं. ६ की पार्वतीलाई गाँउमा चलेको सरसफाइ अभियान सास्तीपूर्ण महसुश भई रहेको थियो । एकातिर गरिबी, विहान के खाउ साँझ के खाउ, छाक कसरी टार्ने भन्ने समस्या अर्कोतिर बुढा ईन्द्र बहादुरको खानीबाट ढुंगा झिक्ने क्रममा अल्पायुमानै मृत्यु हुँदा सम्पूर्ण पारिवारिक बोझमा पिल्सिरहेकी पार्वती एक छोरा र छोरी सहित आफ्नो दैनिक गुजारा गर्न सङ्घर्ष गरिरहेकी थिईन । ८ वर्षे छोरीले घरमा शौचालय नबनाएसम्म स्कूल आउन पर्दैन भनेर शिक्षकले भनेको कुरा सुन्दा झनै मर्माहत हुने गरेको उनी सुनाउँछिन् ।

एक त घरमा काम गर्ने मान्छे कोही छैन अर्कोतिर आफू पनि बुढाको मृत्युपछि मानसिक रुपमा अस्वस्थ भएकोले बाहिर कतै ज्यालादारी काम गर्न जाँदा सुरुमा त काम नै नपाउने, काम पाईहाले पनि आधि ज्याला पाउने भएकोले आफू आधै भएको महसुश गर्थिन् । आफ्नो घरमा चर्पी होला र चर्पीमा दिसा गरौंला भनेर कहिल्यै कल्पना पनि नगरेकी उनी बताउँछिन् । गाउँमा सरसफाइ अभियान उत्कर्षमा पुगिरहँदा उनको पीरले पनि सीमा नाघ्दै गईरहेको थियो । एक दिन पार्वतीको समुदायमा सरसफाइ अभियान अन्तर्गत जागृतिमूलक औजार प्रयोग भएको र कार्यक्रमको अन्तमा उनले पनि शौचालय निर्माण गरेर चर्पीमा दिसा गर्ने प्रतिवद्धता व्यक्त गर्नु परेको थियो र त्यस दिनदेखि त झनै उनको निद्रा नै हराएको थियो । एकातिर चर्पी नबनाएकोमा विद्यालयमा सरले गाली गर्ने गरेको कारण छोरीले कचकच गर्ने गरेको, अर्कोतिर, दिनहुँ सरसफाइ प्रवर्द्धकद्वारा चर्पी बनाउन दिने गरेको दवाव अनि आफूले अनाहकै गरेको प्रतिवद्धता, आफ्नो शारीरिक मानसिक अवस्था, सबै भन्दा त आर्थिक विपन्नताको कारण उनले केही गर्न सक्ने अवस्था भने थिएन । त्यसैले आफू सबै कुरा सहेर चुपचाप बस्न बाध्य थिईन ।





एक दिन रेडक्रसको अभियानकर्ता घरमा पुगेको बेला उनले आँट जुटाएर मुख खोलिन् । आफूले चर्पी बनाउने प्रतिवद्धता गरेको तर बनाउन नसक्ने अवस्था भएको कारण ठूलो मानसिक तनाव महसुश गरिरहेको र आफू विगतबाट एक मानसिक रुपमा अस्वस्थ पनि भएको कारण अझै समस्या गम्भिर हुन सक्ने कुरा कुरासमेत भनेको कुरा बताउँछिन् । अनि यदि कसैले केही सहयोग गरेको खण्डमा चर्पी बनाएर देखाउने कुरा राख्दै सहयोगको लागि अपिल पनि गरेकी थिईन । फलस्वरुप उनलाई सहयोग गर्न गा.वि.स.मा केही हातहरु जुटे । रेडक्रसको उपशाखाले उनलाई रु. ५०० सहयोग गर्‍यो, स्थानीय राजनैतिक दलहरुले रु.५००, सामाजिक परिचालकले उनलाई रु.५०० र गाविस सचिव लगायत वडाबाट रु.५०० गरेर उनलाई रु. २००० सहयोग जुट्यो । खानेपानी र सरसफाइ परिचालक चर्पीको खाल्डो खन्ने र जग खन्ने काम गरि दिए, उनी आफैंले बालुवा गिट्टी र ढुंगा जम्मा गरी प्राप्त भएको रकमले अन्य निर्माण सामग्री खरिद गरियो र एकजना मिस्त्री लगाएर उनको शौचालय निर्माण कार्य सम्पन्न भयो । अव उनको पीर चिन्ता सब हटेको छ र उनी खुसी छिन् । विगतको तनावपूर्ण परिस्थिती पश्चात अहिलेको हलुकापन उनको लागि अविस्मरणीय रहेको उनको भनाई छ ।

**जमुना कुमारी कुँवर**, डोटी






*बर्दिया जिल्ला खुला दिसामुक्त घोषणा समारोहमा गृहमन्त्री बामदेव गौतम र कार्यक्रमका अतिथि तथा सहभागीहरु । (स्रोत : अर्जुन बम)*

## सरसफाइ सम्बन्धि सार्वजनिक सूचना

नेपाल सरकारले वि.सं. २०७४ सालसम्म देशलाई खुला दिसा मुक्त क्षेत्र घोषणा गर्ने लक्ष्य राखेको सबैमा विदितै छ । व्यक्ति, समाज र सिंगो राष्ट्रको प्रतिष्ठाका रुपमा रहेको यो लक्ष्य सम्पूर्ण देशवासीको सक्रिय सहभागिताबाट मात्र संभव छ । त्यसैले स्वास्थ्य, सभ्यता तथा विकासका लागि सबै घर परिवार र संघ संस्थाहरुले अनिवार्य रुपमा आ-आफ्नो घरमा पक्की चर्पी बनाई प्रयोगमा ल्याउन सम्पूर्ण देशवासीहरुमा आह्वान गरिएको छ ।

नितान्त आफ्नो प्रयोजनका लागि आवश्यक रहने चर्पीको निर्माण गर्नु प्रत्येक परिवारको आफ्नै दायित्व भएकाले सरकार तथा अन्य वाह्य निकायहरुबाट पारिवारिक चर्पी निर्माणका लागि अनुदान दिने व्यवस्था नभएको सरकारको नीति रहेको व्यहोरा सबैमा जानकारी गराईन्छ ।

खुला स्थानमा दिसा गर्नु सामाजिक अपराध हो । किनभने खुला ठाउँमा गरिएको दिसाका कारण देशका विभिन्न ठाउँहरुमा झाडापखाला, हैजा, जन्डिस, टाइफाइड जस्ता रोगहरु महामारीका रुपमा समेत फैलिरहेका, यसबाट धेरै मानिसहरु बिरामी परेका र धेरैको मृत्यु समेत भईरहेको हामी सबैका बीच छर्लङ्ग छ ।

यसर्थ छिटो भन्दा छिटो आफू र आफ्नो घर, गाउँ, सहरलाई सफा, स्वच्छ, स्वस्थ र सभ्य बनाउदै, संवृद्ध देश बनाउन आ-आफ्नो क्षेत्रबाट सक्रिय सहभागी भई सरसफाइको सामाजिक आन्दोलनमा सक्दो सहयोग पुऱ्याउन आह्वान गर्दै सम्पूर्ण देशवासीमा यो सार्वजनिक सूचना जारी गरिएको छ ।

नेपाल सरकार
राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति

# सरसफाइ अभियानले ल्याएको दिगो परिवर्तन

लमजुङ जिल्लाको मालिङ्ग गाविस सफा र स्वच्छ घर भएको गाविसको रुपमा विकास भईरहेको छ । खुला दिसामुक्त अवस्था कायम छ, बाटो घाटो सफा देखिन्छ, घर आँगन सफा र स्वच्छ छ, घर अगाडि सफा र स्वच्छ घरको प्रमाण-पत्र राखिएको छ। जिल्लामा नै पहिलोपटक मालिङ्गका सय घरधुरीलाई सफा र स्वच्छ घर प्रमाणीकरण गरी प्रमाणपत्र दिइएको छ भने अन्य घरहरु प्रमाणिकरणको पर्खाइमा रहेका छन् । गा.वि.स. स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (गाविस समन्वय समिति) ले एक कार्यक्रमको आयोजना गरी स्थानीय विकास अधिकारी एवं जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका अध्यक्ष बिष्णुप्रसाद शर्मा मार्फत् प्रमाणपत्र प्राप्त गरेको हो । सरसफाइ गुरुयोजनाले परिभाषित गरेका १० वटा सूचक पूरा गरेका घरलाई सफा र स्वच्छ घर प्रमाणिकरण गरिएको हो ।

गाविस स्तरीय समन्वय समिति र वाड नागरिक मञ्चले ती सूचक पूरा गरे नगरेको नियमित रुपमा अनुगमन गर्ने गरेका छन् । अनुगमन पछि सूचक पूरा गरेको प्रमाणिकरण गरिएका घरहरुलाई सफा र स्वच्छ घरको प्रमाण-पत्र प्रदान गर्ने गरिएको छ ।

तीन सय एक घरधुरी रहेको यस गाविस मा तीन वर्ष अघिसम्म आधाभन्दा बढी घरमा चर्पी थिएन भने खुला दिसा गर्ने प्रचलन सामान्य थियो । घरपरिवार तथा संस्थागत तहमा सरसफाइको अवस्था अत्यन्त कमजोर हुनुको साथै बाटोघाटो सबै तिर मानिसको दिसा यत्रतत्र भेटिन्थे । जिल्ला समन्वय समितिले जिल्लालाई खुला दिसामुक्त घोषणा गराउन रणनीतिक योजना तयार गरी सरसफाइ र स्वच्छता क्षेत्रमा काम गर्ने निकायबीच गाविस कार्य क्षेत्र विभाजन गरी जिम्मेवारी बाँडफाँड गरी काम अघि बढाएको थियो । सोही जिम्मेवारी अनुसार USAID को सहयोगमा सञ्चालित सुआहारा कार्यक्रमले आफ्नो सहजीकरणको जिम्मेवारीमा लिइएका गाविसहरुमा गाविस समन्वय समितिलाई क्षमता अभिवृद्धीमा सहयोग गर्दै पूर्ण सरसफाइ रणनीतिक योजना तयार गरेको थियो । सोहि योजना अनुरुप बहुक्षेत्रीय सरोकारवालाहरुलाई सहभागी र सहजिकरण गराउँदै गाविसलाई २०७० साल पौष महिनामा खुल्ला दिसामुक्त घोषणा गरी पूर्ण सरसफाइ अभियान अघि बढाउँदै आएको छ । गाविस समन्वय समितिको नेतृत्वमा क्रियाकलापलाई प्रभावकारी बनाउन **सफा र स्वच्छ घरको** नारा दिई आनिबानी परिर्वतनलाई अभियानको रुपमा अघि बढाईएको छ। जसको लागि फिल्ड सुपर भाइजर, महिला स्वास्थ्य स्वयंसेवीका र सामाजिक परिचालकलाई छुट्टाछुट्टै तालिम उपलब्ध गराई उनीहरुबाट वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र र स्वस्थ आमा समूहको बैठकमा सफा र स्वच्छ घर अभियानको बारेमा अभिमुखिकरण गराई घरदैलो सम्म पुगी सबैमा जागरण फैलाउने काम भईरहेको छ। मासिक रुपमा स्वस्थ आमासमूहबीच हुने पोसिलो खाना प्रर्दशनीमा खानाको स्वच्छता, हात धुने अभ्यास र सफा पानीको प्रयोग आदिको बारेमा छलफल हुने गर्दछ। यसले विद्यमान आनिबानी परिर्वतनमा थप सहयोग पुऱ्याएको छ।

बहुक्षेत्रगत सरोकारवालाहरुलाई परिचालन गरि समुदायको आनिबानी परिर्वतनलाई सहजिकरणको परामर्श दिने काम भई रहेको छ । समय समयमा स्वास्थ्य संस्था प्रमुखबाट आमा समूहको बैठकमा उपस्थित भई आवश्यक परामर्श दिनुका साथै आनिबानी परिर्वतन भएका र हुने क्रममा रहेका घरहरुको अनुगमन गर्ने गरिएको छ । समुदायमा **सफा र स्वच्छ घर** अभियान के कसरी अघि बढी रहेको छ भनी मासिक रुपमा वडास्तरमा वडा नागरिक मञ्च र गाविस स्तरमा गाविस समन्वय समितिबाट अनुगमन गरी परामर्श दिने गरिन्छ । सूचक पूरा भईसकेका घरहरुको प्रमाणिकरणको लागि वडा नागरिक मञ्चबाट अनुगमन गरी घर मूलिको सूचि गाविस समन्वय समितिमा पठाइन्छ, गाविस समन्वय समितिले ती घरहरुको पूनः अनुगमन गरी गाविस समन्वय समितिको बैठक बसी सफा र स्वच्छ घरका सबै सूचकहरु पुरा भएका घरलाई बैठकबाट प्रमाणिकरण गरिन्छ । यसरी प्रमाणिकरण भएका घरहरु लाई विषेश कार्यक्रमको आयोजना गरी **सफा र स्वच्छ घर** को प्रमाण-पत्र प्रदान गरिन्छ।

समुदायमा आएको परिर्वतनको बारेमा मालिङ्ग स्वास्थ्य चौकिका प्रमुख अर्जुन सुनारले सबैले सफा चर्पीको प्रयोग गर्ने गरेको, विभिन्न समयमा साबुन पानीले मिचिमिची हात धुने गरेको, खानेपानीलाई घरायसी स्तरमा शुद्धीकरण गरेर प्रयोग गर्ने गरेको, सबैले घरमा सुधारिएको चुल्हो प्रयोग गरी भान्सालाई सफा राख्नुका साथै सफा र ताजा खानेकुराको प्रयोग गर्ने गरेको, घरबाट निस्कने फोहोरको उचित व्यवस्थापन भएको, भाँडा सुकाउनको लागि मचानको प्रयोग गर्ने गरिएको र पशु पंक्षीको मलमूत्रको उचित व्यवस्थापन गरी घरआँगन आसपास सफा देखिन्छ भने बच्चादेखि वयस्क सम्मले व्यक्तिगत सरसफाइलाई नियमितता दिने गरेको कुरा बताउनुहुन्छ । गाविस समन्वय समितिका मार्लिङ्गका सदस्य एवं आमा समूहको अध्यक्ष नन्दकाशी गुरुङ्ग भन्नु हुन्छ “तीन बर्ष अघि खुल्ला स्थानमा जतातते दिसा हुने भएकोले बाटो हिँड्दा पनि कुल्चिएर हिँड्नु पर्ने अवस्था थियो । घरआँगन फोहोर तथा अस्वस्थकर आनिबानीको कारण समुदायको ठूलो हिस्सा झाडापखाला तथा पानीजन्य रोगको शिकार बनिरहेका थिए, भने बाललालिकाहरु कुपोषित र खियाउटे थिए । तर हिजो आज मानिसको आनिबानीमा परिर्वतन भई समुदायको पहिचानमा रुपान्तरण भएको छ ।” नागरिक मञ्चको संयोजक एवं गाविस समन्वय समितिका सदस्य डेकेन्द्र गुरुङ्ग भन्नु हुन्छ “हामीले गाउँको मुहार फेर्ने सौँच बनाइ अगुवाई गऱ्यौ, त्यसलाई सबैले साथ दिनुभयो, बुझ्नेले आफै गऱ्यौं नबुझ्ने लाई बुझायौ अनि नसक्नेलाई सहयोग गऱ्यौ यी गतिविधिहरुलाई अभियानको रुपमा लग्यौ । आज भोलि साच्चै गाउँको मुहारमा परिर्वतन आएको छ, सरसफाइलाई मानिसको जीवन पद्धतिको रुपमा विकास गर्ने प्रयास भईरहेको छ ”।

मालिङ्ग समुदायमा सरसफाइ र स्वच्छताको आनिबानी परिर्वतन मात्र भएको छैन, संस्कार र जीवन पद्धतिको रुपमा समेत विकास भएको छ । यसको लागि यहाका समुदायका धेरै प्रयास र प्रयत्नहरु भएका छन् । सबै व्यक्ति, परिवार र समुहलाई जिम्मेवार र जवाफदेही बनाइएको छ । जस्तै सफा घर नहुने पनि के आमा समुहको अध्यक्ष ? सफा घर नहुने पनि के महिला स्वास्थ्य स्वयंसेविका ? के शिक्षक के राजनीतिक दलको प्रमुख ? आदि । जसले गर्दा समुदायका महिला पुरुषले आफ्नो आनिबानीलाई ईज्जत र प्रतिष्ठाको रुपमा अघि बढाइ **सफा र स्वच्छ घर तथा विद्यालय** हुँदै गाविस पूर्ण सरसफाइको नमूनाको रुपमा विकास भई रहेको छ ।

*भरत प्रसाद भट्ट, सुआहारा लमजुङ*



*खानेपानी तथा ढल निकास विभागका समाजशास्त्री श्री कमल अधिकारीद्वारा लिखित सरसफाइ सम्बन्धी पुस्तक*

# सरसफाइमा अघि बढ्दै तराई मधेस

राष्ट्रिय जनसंख्याको झण्डै २१ प्रतिशत हिस्सा ओगटने सप्तरीदेखि पर्सा सम्मका जिल्लाको सरसफाइको अवस्था अन्य जिल्लाको भन्दा न्यून छ। सन् २०१७ सम्म शतप्रतिशत घरहरूमा खानेपानी तथा सरसफाइको पहूँच सुनिश्चित् गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्नको लागि यी जिल्लाहरुमा सरसफाइको अवस्थाले ठूलो अर्थ र महत्व राख्दछ। यी जिल्लाहरुको सरसफाइको अवस्था सुधार गर्नका लागि २०७० को वैशाख महिनामा आयोजित मध्यमाञ्चल विकास क्षेत्रको सरसफाइ सम्मेलनले यस क्षेत्रका सबैजसो जिल्लाहरूको सरसफाइको वर्तमान अवस्थाको बारेमा समीक्षा गरी जिल्लाहरूको खुला दिसामुक्त गर्ने मिति तय गऱ्यो। त्यसो त सोही वर्षको वैशाख महिनामा नै आयोजित राष्ट्रिय सरसफाइ सम्मेलनद्वारा राष्ट्रिय लक्ष्य हासिल गर्नको लागि देशका सबै जिल्लाहरुमा समानान्तर रुपमा सरसफाइ प्रवर्द्धनका कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने मूल ध्येयका साथ घोषणा पत्र समेत जारी गरियो। यी दुइवटै सम्मेलनहरूले तराई मधेशका जिल्लाहरूमा प्राथमिकताका साथ सरसफाइ प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्न आधार सिर्जना गरेको पाइन्छ। यस क्षेत्रमा विद्यमान विभिन्न किसिमका समस्याहरूको विश्लेषण गर्दै तराई मधेशमा सरसफाइलाई वृहत्तर र प्रभावकारी रुपमा संचालन गर्नको लागि आश्विन, २०७० मा आयोजना गरिएको प्रथम तराई सरसफाइ सम्मेलनले तराइ मधेशका जिल्लाहरूमा सरसफाइ प्रवर्द्धनको लागि विद्यमान विभिन्न किसिमका सवाल तथा समस्याहरूको विश्लेषण तथा पहिचान गर्दै वाह्य तथा आन्तरिक स्रोत साधनको अधिकतम उपयोग गर्न आधार प्रशस्त गरेको पाइन्छ।



*स्थानीय स्रोत साधनको प्रयोग गरी बनाइएको चर्पी*

तुलनात्मक रुपमा हेर्ने हो भने सरसफाइको पहूँचको आधारमा अँध्यारा जिल्लाको रुपमा चिनिँदै आएका तराइ मधेशका जिल्लाहरू वर्तमानमा आशातित उपलब्धि र लक्ष्यका साथ अगाडि बढिरहेकाछन्। सरसफाइ प्रबर्द्धनका अभियान शुरु हुनुपूर्व सप्तरीदेखि पर्सासम्मका ८ वटा जिल्लामा जम्मा १२ वटा गाविसहरु मात्र खुला दिसामुक्त गाविसको घोषित हुन सकेकोमा सन् २०१५ को जुलाइसम्म नयाँ नगरपालिका घोषणा पश्चात् ६२५ वटा गाविसहरु मध्ये ५७ वटा गाविसहरु अर्थात् कुल संख्याको ९ प्रतिशत गाविसहरु खुला दिसामुक्त गाविसको रुपमा घोषणा भइसकेकाछन्। ८ जिल्लामा एक वर्षको अवधिमा थप ४५ गाविस खुला दिसामुक्त गाविसको रुपमा थप भएका छन्। यद्यपी यी ८ जिल्लामा रहेका ३२ वटा मध्ये कुनै पनि नगरपालिकाहरू खुला दिसामुक्त क्षेत्रको रुपमा घोषणा हुन नसकेपनि सरसफाइ प्रबर्द्धनका कार्यहरु समन्वयात्मक र प्रभावकारी रुपमा संचालन भइरहेका छन्। तराइ मधेशका ८ जिल्लाहरुमा खानेपानी तथा ढल निकास विभागको सन् २०११ को तथ्यांक अनुसार २० प्रतिशत मात्र रहेको सरसफाइको पहुँच तत्तत् जिल्ला खानेपानी तथा सरसफाइ समन्वय समितिको सन् २०१५ जुलाइसम्मको तथ्यांक अनुसार ४२ प्रतिशत पुगेको छ। यो हिसावमा देशका अन्य जिल्लाहरुमा भएको सरसफाइ प्रबर्द्धन सरह तराई मधेशका जिल्लामा भएको सरसफाइ भएको पाइन्छ।

विशेषतः राष्ट्रिय लक्ष्य तथा नीतिगत आधारहरुलाई आत्मसात गर्दै स्थानीय तहमा कार्यरत निकायहरुको बीचमा समन्वय तथा सहकार्य गरेर जुन उपलब्धी हासिल भएको छ त्यसले समग्रमा तराई मधेसमा नलागेर र नगरेर नै उपलब्धि हासिल नभएको रहेछ भन्ने कुरा सिकाएको छ। समग्रमा तराई मधेसका ८ जिल्लामा सरसफाइ प्रवर्द्धनको कार्यलाई उपलब्धिमूलक बनाउनको लागि देहाय बमोजिमका पक्षहरुको महत्वपूर्ण भूमिका रहेको छ।

- जिल्ला, नगर तथा गाविसस्तरीय सरसफाइ रणनीतिक योजनाको तयारी तथा कार्यान्वयन।
- जिल्ला, नगर तथा गाविस क्षेत्रमा एकीकृत बुझाइको लागि सरसफाइ सम्मेलनको आयोजना तथा साझा समझदारी विकास।
- राजनीतिक दल, विषयगत कार्यालय, गैर सरकारी संस्था, नागरिक समाज, विद्यालय, स्थानीय समुदायको परिचालन।
- नियमित रुपमा घरदैलो भेटघाट तथा व्यक्तिगत तथा सामुदायीक तहमा सचेतिकरण।
- सामाजिक दबाव तथा सरसफाइ परिचय पत्रको वितरण तथा प्रयोग।
- माग र सरसफाइका सामाग्रीको आपूर्तिको बीचमा सह सम्बन्ध स्थापना।
- साँस्कृतिक कार्यक्रमद्वारा समुदाय जागरण।
- विषयगत कार्यालयहरु, स्थानीय प्रशासन, पत्रकार, गैसस र स्थानीय समुदायहरुको समहभागीतामा संयुक्त अनुगमन।
- उपयुक्त किसिमका चर्पीका विकल्पहरुको प्रस्तुती।
- जिल्लास्तरमा विद्यमान विभिन्न किसिमका कार्यक्रमहरुको बीचमा सामन्जस्यता तथा सदुपयोग।
- अभियानात्मक कार्यक्रम जस्तो कि मिसन ओडिएफ, सरसफाइ सत्याग्रह जस्ता सिर्जनात्मक अभियानको संचालन।
- चर्पी बनाउन नसक्नेलाई सहयोग गर्नको लागि भिक्षाटन तथा स्थानीय दानवीरहरुको खोजी।
- समन्वय समिति, विद्यालय, स्थानीय समुदाय,

## आन्दोलनमा पनि रोकिएन तराई मधेशमा सरसफाइ प्रवर्द्धन अभियान

संविधानमा आफ्ना मागहरु सम्बोधन हुनुपर्ने भनी समग्र तराई मधेसका जिल्लाहरुमा अगष्ट १६ देखि शुरु भएको आन्दोलनको क्रममा पनि गाउँ-गाउँमा सरसफाइ प्रवर्द्धनको कार्य उत्साहका साथ अगाडि बढिरहेको देखिन्छ। स्थानीय नेतृत्व, ग्लोबल स्यानिटेसन फण्ड कार्यक्रम/ यू.एन. ह्याविट्याटको सहयोग तथा सहकार्यमा संचालन भएका तराई मधेसका २४१ वटा गाविसहरुमा अगष्ट महिनामा मात्र करीब ७६०० भन्दा बढि चर्पी निर्माण भएकाछन् र सेप्टेम्बर महिनामा पनि यहि संख्याकै हाराहारीमा चर्पी निर्माण हुने विवरण स्थानीय साझेदार संस्थाहरुबाट आएको छ। तराई मधेसका जिल्लामा स्थानीय समुदायहरु स्वतः स्फूर्त रुपमा घरघरमा आ-आफ्नो चर्पी निर्माणमा सक्रियताका साथ लागेको देख्दा आफ्ना मागहरुलाई स्थापित गर्नको लागि तराई मधेसमा सक्रिय राजनीतिक नेतृत्वबाट समेत स्थानीयबासीलाई केही समयको लागि चर्पी निर्माणभन्दा आन्दोलनमा सहभागी हुनको लागि आव्हान भएको छ। यद्यपी आन्दोलनको क्रममा चर्पी निर्माणको लागि आवश्यक सामाग्रीहरुको सहज उपलब्धता नहुँदासमेत तराई मधेसका समुदायहरु चर्पी निर्माणको अभियानमा सक्रिय रहँदै आएका छन्।

नागरिक समाजको क्षमता विकास तथा परिचालन ।

- तराई मधेशमा सरसफाइ प्रवर्द्धनलाई सामूहिक भावना, प्रतिवद्धता तथा कार्यका साथ अगाडि बढाउँदै गर्दा अझै पनि सोचेको जस्तो प्रगति हासिल गर्न सकिरहेको छैन । तराई मधेसमा अपेक्षित रुपमा सरसफाइसम्बन्धी उपलब्धि हासिल गर्न देहायका पक्षहरु चुनौतीको रुपमा देखिएका छन ।
- चर्पी निर्माणको लागि नगद तथा भौतिक सामाग्रीको सहयोग गर्नुपर्छ भन्ने मानसिकता विद्यमान हुनु,
- क्षेत्रफलको आधारमा साना भएता पनि नेपालको करिब २० प्रतिशत गाविस र १७ प्रतिशत नगरपालिका रहनु,
- शिक्षा, स्वास्थ्य तथा महिला विकास कार्यालय र मातहतका निकायहरुबाट अपेक्षित रुपमा सक्रियता नहुनु,
- सबै वर्ग तथा समुदायको माग तथा क्षमता अनुसार सरसफाइ सामाग्रीको उपलब्धता गर्न नसकिनु,
- सबै गाविसहरुमा गाविस सचिवको व्यवस्था नहुनु, एउटै गाविस सचिवले धेरै गाविसको जिम्मेवारी लिनु
- सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका वर्गहरुको लागि चर्पी निर्माणको लागि जग्गाको अभाव हुनु,
- नयाँ नगरपालिकाहरुको घोषणासँगै नगर क्षेत्रको सरसफाइ प्रवर्द्धनलाई अगाडि बढाउनको लागि यथोचित् प्रयासहरु नहुनु,
- जिल्ला, नगर तथा गाविस तहमा आशातित् रुपमा समन्वय समितिहरु सक्रिय नहुनु,

यस क्षेत्रमा सम्बद्ध सबैजसो निकायहरूको समन्वय तथा सहभागितामा सरसफाइ प्रवर्द्धनका कार्यहरु अगाडि बढिरहेको पाइन्छ । त्यसो त राष्ट्रिय लक्ष्य हासिल गर्न करिब २ वर्षको मात्र समयावधि रहेको सन्दर्भमा तराई मधेसका यी ८ वटा जिल्लाहरुको सरसफाइ पहूँच वर्तमानको करिव ४२ प्रतिशतबाट शतप्रतिशत पुर्‍याउन थप सुदृढ कार्यक्रम र कार्यनीतिका साथ समन्वयात्मक तथा सहभागितात्मक रुपमा अगाडि बढाउन जरुरी देखिन्छ ।

यसको लागि सबै जसो तहका समन्वय समितिहरूको सक्रियता र प्रभावकारितामा अभिवृद्धि गर्दै सवै निकाय तथा पक्षहरूको बीचमा व्यापक सहकार्यको वातावरण निर्माण गरेर अगाडि बढ्नु अत्यावश्यक छ । तराइ मधेसमा नेपाल सरकारका विभिन्न निकायहरुको यूएन ह्याविट्याट, यूनिसेफ, एसएनभी नेपाल, प्लान नेपाल, अक्सफामको सहकार्यद्वारा कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यहाँका करिब ४० प्रतिशत गाविसहरुमा ग्लोवल स्यानिटेसन फन्ड कार्यक्रम संचालित छ ।

*गोविन्दराज रोकाया, यू.एन. ह्याविटाट*



*थेचम्बु गाविस खुला दिसामुक्त घोषणा समारोह, ताप्लेजुङ । (स्रोत : खापासडिका, ताप्लेजुङ)*




*खानेपानी तथा ढल निकास विभागलाई प्राप्त वाटरलिंक अवार्ड ।*

## टिपी ट्याप : पानी सदुपयोग गर्ने प्रविधि

### उपयुक्त स्थान

- चर्पीको नजिक
- अस्थायी बासस्थान,विद्यालय,मानिस भेला हुने स्थान

### अनुमानित लागत

- लगभग रु. १०,००० (स्थायी)
- लगभग रु. ५०० (अस्थायी)

### सञ्चालन तथा मर्मत सम्भार

- बाल्टीन वा धाराबााट पानीको आपूर्ति
- नियमित साबुनको उपलव्धता
- हरेक तीन बर्षमा पाइप फेर्नु पर्ने

### फाइदाहरू

- पानी अभाव भएको ठाउँमा धेरै उपयोगी
- आपत्कालीन शिविरहरुमा अति उपयोगी
- कम खर्चिलो
- स्थानीय प्रविधि र सामग्रीबाट बनाउन सकिने
- साबुन पानीले हात धुनलाई बालबालिका र समुदायले रमाइलो रुपमा लिने
- सामूहिक कार्यबाट आनीबानी परिवर्तन हुने






*स्रोत : रेडक्रस सोसाइटी र फेडवासन*

# चर्पीले जोडिदियो छरिएका मनलाई

दोलखा जिल्ला, जफे गाउँ विकास समितिमा रहेको ढोलिखोला पुल नजिकको बस्तीमा सात घरपरिवार बस्छन् । कोही माझी, कोही कार्की, कोही जफेकै, कोही नजिकका अन्य गाउँ विकास समितिबाट बसाइ सरी आएका । १०/१५ वर्ष अघिसम्म करिब डेढ दर्जन घरबस्ती रहेको ढोलिखोला छेउको बजारमा अहिले मुस्किलले सात वटा घर रहेका छन् । उनीहरु पनि आ-आफ्नै रीतिका । कोही बंगुरको मासु नभै नहुने, कोही बंगुर छुँदै नछुने । यी सातै छाप्रामा चियानास्ता पसल छन् । सबै आआफ्ना काममा हुन्छन् । कोही माछा मार्न, कोही बाख्रा चराउन त कोही बंगुरलाई दाना दिन । यही विविधताभित्र एउटा भने समानता छ त्यो हो, सातै परिवारको एउटै साझा चर्पी । यी सात परिवार भान्सामा मिल्दैनन्, तर पनि सबै मिलेर एउटै चर्पी बनाएका छन् ।

"अघिल्लो वर्ष गाउँका सबै घरमा चर्पी बने । हामी भने लोहोटा समातेर जंगलतिरै जान्थ्यौं", २१ वर्ष अघिदेखि ढोलिखोला बस्तीमा बसोबास गरिरहेका राजन माझीले भने, "ढोलिखोलाका सात घरले चर्पी नबनाएर जफे गाविस खुल्ला दिसामुक्त हुनबाट रोकियो भनेर सबैले आच्छु आच्छु पारे, अनि चर्पी बनायौं ।" सबै घरधुरीबाट ७ सय रुपैयाँको दरले नगद जम्मा गरेर बजारबाट प्यान, पाइप, सिमेन्ट र जस्तापाता किनेर लगे । जान्नेले ढुंगा कुँदे, नजान्नेले माटो मुछे, कोहीले झ्याल ढोका बनाए, घरमा हुनेले खाजा बनाएर सघाए । सबै मिलेर दुई कोठे चर्पी तयार भयो, एउटा महिलाका लागि, एउटा पुरुषका लागि । अब त ढोलिखोला बजारमा माछा खान रोकिने यात्रुका लागि समेत सजिलो भयो, दिसा पिसावका लागि खोला छेउमा जानै परेन । त्योभन्दा सजिलो त महिलाहरुका लागि भयो । "कसैले देख्ला भन्ने पनि भएन, झरीले रुझाउला भन्ने पनि भएन", स्थानीय बेलमाया माझीले सुनाइन् ।

२०७१ सालको पौष महिनामा तयार गरेको चर्पी चार महिनाभन्दा बढी प्रयोग गर्न पाएनन् ढोलिखोलाबासीले । २०७२ बैशाख १२ गतेको भूकम्पले चर्पी गर्ल्यामगुर्लुम ढल्यो । चर्पीसँगै सात घरको मेहनत पनि खेर गयो । "साँझ बिहानको हातमुख जोर्न धौधौ भएर यहाँ खोलाको छेउमा आएर बसिएको छ, ठूलो कारोबार पनि छैन", स्थानीय यशोदा कार्की भन्छिन्, "दिनको दुई चार कप चिया र एक दुई प्लेट माछा बेचेको पैसाले परिवार धान्न पनि मुस्किल छ, चर्पी बनाउनका लागि कसरी पैसा जम्मा गर्नु ?" भूकम्पले चर्पी भत्काइदिएपछि साँझ बिहान शौचालयका लागि फेरि खोला र जंगलतिरै धाउनुपर्ने भयो । फेरि चर्पी कसरी बनाउने भन्नेमा उनीहरु अन्यौलमा नै रहे । "त्यसपछि पनि पटकपटक भूकम्प आइरहेको छ," राजन माझी भन्छन्, "कुनबेला यही छाप्रो छोडेर जानुपर्ने हो भन्ने ठेगान छैन, कसरी चर्पी बनाउनु ?"

त्यसो त, यसपालाको भूकम्पलेमात्र होइन, यसअघि ढोलिखोलामा आएको बाढी र पहिरोले पनि धेरैलाई उठिबास पा-यो । तीन वर्षअघि ढोलिखोलामा आएको बाढीले त तामाकोशी नदीसमेत थुनिदियो । सयौं रोपनी धानखेत र दर्जनौं घर पनि ढोलिखोलाको उर्लंदो बाढीसँगै बगे । तैपनि, यी सात घर परिवार हातमुख जोर्नकै लागि यही बस्ती छोडेका छैनन् । "यहाँ बसौं भने सधैं डरै डर छ", स्थानीय उर्मिला माझी भन्छिन्, "नबसौं भने जाने कहाँ ?" करिब सुकुम्बासीजस्तै छ यो बस्ती पनि । उनीहरुको खेती गरी खाने पर्याप्त जग्गा पनि छैन । भएको जग्गा पनि गाउँ गाउँमा छ, दाजुभाइले खेतीपाती गर्छन् । "चर्पी भत्किएपछि सहयोग माग्न गाविसमा पनि गयौं", राजन माझी भन्छन्, "गाविसले पनि सहयोग गर्न नसक्ने बतायो ।" सहयोग मागुन् पनि कहाँ ? गाउँमा सबैका घर भत्किएका छन् । चिया माछा बेचेर कमाएको दुई चार पैसा पनि चर्किएका र आधा भत्किएका टहरा मर्मतमै खर्च भयो ।



*पुनःनिर्माण गर्दै गरेको अवस्थामा सामूहिक शौचालय*

भूकम्पपछि जफे गाउँ विकास समिति क्षेत्रभित्र भत्किएका चर्पी मर्मत गर्नका लागि सहयोग आउँदैछ रे भन्ने सुनेपछि उनीहरुले समेत सामूहिक चर्पी पुनःनिर्माण गर्ने निधो गरे । संस्थाको बारेमा सोधपुछ गरे । यू.एन. ह्याविट्याटको सहयोगमा सामुदायिक विकास मञ्च नामक संस्थाले चर्पी पुनःनिर्माणको लागि सहयोग गर्ने सुनेपछि उनीहरु फुरुंग बने । "कम्तीमा बजारबाट किन्नुपर्ने सामानमात्र किनिदिए पनि अरु काम त आफै गर्न सक्छौं भन्ने लागेको थियो", बेलमाया माझी भन्छिन् । चर्पी बनाउनका लागि व्यवस्थापनको जिम्मेवारी राजन माझीले नै लिए । भत्किएको चर्पीका काठपात र ढुंगा पन्छाए । त्यही जगमा आधा पर्खाल ढुंगाको लगाए भने आधा ब्लकको । "हामीले प्यान, सिमेण्ट, ब्लक र जस्तापातामात्र सहयोग गरेका छौं", विकास मञ्चको तर्फबाट अर्जुन दाहाल भन्छन्, "अदक्ष कामदारको खर्च, ढुंगा र काठपात जुटाउने काम भने उहाँहरुले नै गर्नुभएको छ ।"

ढोलिखोलामा मात्र होइन, दोलखा जिल्लाका जफे, सहरे, लाँकुरीडाँडा र सुन्द्रावती गाउँ विकास समितिभित्रका १५०० घरधुरीको भत्किएका शौचालयको मर्मत र पुनःनिर्माणमा केन्द्रीय आपत् कालीन उद्धार कोष अन्तर्गत सामुदायिक विकास मञ्च र दीपज्योति समाज सुधार संघले सहजीकरण गरिरहेका छन् ।

"हाम्रो उद्देश्य चर्पीको पुनःनिर्माणमा सघाउनुमात्र होइन, समुदायको सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा सघाउनु हो", दीपज्योति समाज सुधार संघको तर्फबाट कोषका कार्यक्रम संयोजक इश्वरीप्रसाद दाहाल भन्छन्, "त्यसैले, चर्पी निर्माणको साथसाथै वर्षा याममा हुन सक्ने रोगहरुको प्रकोप रोकथाम र न्यूनीकरणलाई समेत सँगसँगै लगेका छौं ।"कार्यक्रम निकै प्रभावकारी रुपमा सञ्चालन भैरहेको बताउँछन् यू.एन. ह्याविट्याटका दोलखा जिल्ला संयोजक शिवराज न्यौपाने । "समुदायलाई सरसफाइ सम्बन्धी आनिवानीमा सुधार गर्ने, त्यसको दिगोपनका लागि सरसफाइ प्रबर्द्धनसम्बन्धी सामग्री उपलब्ध गराउने, व्यक्तिगत, घरायसी र वातावरणीय सरसफाइ कायम गर्नुका साथै सरसफाइजन्य रोगबाट बच्नका लागि अपनाउनुपर्ने सावधानीलाई यस कार्यक्रममा समावेश गरिएको छ ।" भूकम्पअघि दोलखाका करिब सबै घरमा शौचालय निर्माण भैसकेका थिए ।

जिल्लाका सम्पूर्ण गाविस र नगरपालिकामा शौचालय पूनर्निर्माण र सरसफाइसम्बन्धी आनिबानीमा परिवर्तन ल्याउनका लागि एकीकृत रुपमा संघसंस्थाहरुले सहजीकरण गर्नुपर्ने राय रहेको छ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय दोलखाका प्रमुख एवम् जिल्ला समन्वय समितिका सदस्यसचिव विद्यानाथ भट्टराईको । "उद्धार तथा पूनर्निर्माणमा सघाउने अन्य संघसंस्थाहरुले समेत शौचालय पूनर्निर्माणलाई सँगसँगै लैजानुपर्ने नीति बनाएका छौं", भट्टराईको भनाइ छ । शौचालय मर्मत तथा पूनर्निर्माणका लागि भएको क्षतिको आधारमा सामग्री सहयोग गर्ने प्रावधान कार्यक्रमको रहेको छ । "सानो सहयोग भए पनि यसले समुदायमा चर्पी मर्मत तथा पूनर्निर्माण गरी त्यसको प्रयोग गर्न र समुदायलाई सरसफाइयुक्त राख्नका लागि निकै सहयोग पुगेको छ", जफेमा गठन गरिएको अनुगमन समितिका सदस्य दीपेन्द्र ढकालको भनाइ छ ।

*विनोदप्रसाद शर्मा, यूएन ह्याविट्याट*





*दैलेख जिल्ला खुला दिसामुक्त घोषणा समारोहमा अतिथि, डिवाससीसीका सदस्यहरु लगायत सहभागीहरु (स्रोत : मीना थापा)*

# अपाङ्ग बने प्रेरणाका संवाहक

पर्सा जिल्लाको ठोरी गा.वि.स. वडा नं. ५ वस्ने वर्ष ६० का जन्मैदेखि शारीरिक अशक्त तिर्थ बहादर पाण्डे कठिन परिस्थितीमा आफ्नो जीवनयापन गर्दै आई रहेका छन् । कतै न कतै हाम्रो आंङ्ग सिरिंग हुन पुग्छ अपाङ्ग भन्ने वित्तिकै । सामाजिक तथा पारिवारिक जिम्मेवारी वहन गर्न गाह्रो भएको जीवनमा पनि अरुका लागि प्रेरणादायीक भुमिका निर्वाह गर्नु त अत्यन्तै कठिन कार्य हो । तर पनि तीर्थ बहादुरले खुला दिसामुक्त गाविस घोषणा गराउन गरेको प्रयास मिति २०७१/१२/२१ गते पूर्णरुप लिएको छ ।

गाविस समन्वय समितिको रणनीति र कार्ययोजनाले कुनै गरिव, दलित, अपाग, महिला आदि लाई कुनै प्रकारको सेवा सुविधा छुटाएको नभएता पनि व्यक्ति स्वयम् सक्रिय हुनु पर्दछ र आफना चर्पी आफैं बनाउनु पर्दछ भन्ने नियम लागू भएपछि तीर्थबहादुरलाई कठिन मात्र होइन गाह्रो भयो । गाउँलेहरुले तीर्थ जस्ताहरु नै वाधक हुने पूर्व विचार ल्याएको हुदाँ उनीलाई भित्रैबाट मुदु



पोल्यो । उनले म समुदायका लागि सहायक मात्र होइन प्रेरणाको आधार बन्छु भने प्रतिबद्धता गरी लिएको अठोट पुरा गर्न माघ २०७१ मा पक्की चर्पी बनाइ छिमेकीहरु भन्दा अगावै चर्पी प्रयोग गर्न थाले । चर्पी बनाउन धन, ताकत र दया भन्दा पनि लगन चाहिन्छ, मुटुमा संकल्प चाहिन्छ भने कुरा बहादुरले सिद्ध गरे । उनि रिन र बाख्राको पाठो बेचि रु. १५००० बराबरको खर्चमा आफूलाई उपयुक्त हुने चर्पी प्रयोग गरी त्यस गाँउका लागी प्रेरणाका स्रोत बने । ***नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालय***






*उदयपुरको ठोक्सिला गाविस र कटारी नगरपालिका खुला दिसामुक्त घोषणा समारोह । ( स्रोत : रमाकान्त दुवाडी)*

# जिन्दगी अनमोल बा

जिन्दगी अनमोल बा व्यर्थ ना गवाई
कर्तव्य का ह मानव के करके देखाई
जनताके सेवा करी सवसे वड्के धर्म ह
मानवके ईहे कर्तव्य और कर्म ह
कलह कलेश दुर्भावना मिटाई
मनके मैल धोके गंगा प्रेमके बहाई
चन्दन वनके गम्की और समाजके गम्काई
कर्तव्य का ह मानवके करके देखाई ।१

गाँव सहर गली-गली गंदासे भरल बा
आहारन बाहारन कहीं फोहर पात परल बा
कुकुर विलार मूसा मरके कहीं सडल बा
कहीं कुछ-कुछ अन्हार दियावाती ना बारल बा
सुरज चाँद बनके रउरा रोशनी बढाई
कर्तव्य का ह मानवके करके देखाई ।।२

रास्ता परमा खूंटा ठोकी टाँढ ना धराई
ना बाँधी वैल भैंसी नाद ना हलाई
घलथरी बनाके पाँक कीच ना कराई
दुवारी पर गोवर के मानना बनाई
जहरके गाछ काटी बाग अमृतके लगाई
कर्तव्य का ह मानवके करके दिखाई
जिन्दगी अनमोल बा व्यर्थ ना गवाई ।।। ३

शिखर या पान खाके जहाँ-तहाँ ना थुंकी
सिगरेट गाँजा पिके धुँवा ना सगरों धुंकी
रबर प्लाष्टिक टायर चौराहपर ना फुंकी
फेहर ना करी रास्ता ना त मछर माछी भुँकी
अपने बची विमारी से लोगके बचाई
कतर्व्य का ह मानवके करके दिखाई ।।।।४

सडक पर दिसा पिसाव करके ना महकाई
चर्पी हलाके घरमे जीवन सुखी बनाई
दुवार आँगनमे फूलके पौधा रच-रचके लगाई
सीतल सुगन्ध मन्द हवासे मानवाके ठण्डाई
कल्पवृक्ष बनके सुख शान्ति पहुँचाई
कर्तव्य का ह मानवके करके देखाई
जिन्दगी अनमोल बा व्यर्थ ना गवाई ।।।।५

**विक्रम साह कानु**, प्रस्टोका-४, बारा

सरसफाइ सन्देश

चैत ०७१–कात्तिक २०७२,
वर्ष ४, संयुक्ताङ्क १०–११

# कालीकोटमा सरसफाइ तथा स्वच्छता प्रवर्द्धन

### पृष्ठभूमि

कर्णाली अञ्चलका जिल्लाहरुको वर्तमान सरसफाइ पहुँचको अवस्था हेर्दा सन्तोषजनक रहेको छ । खानेपानी तथा ढल निकास विभागको प्रतिवेदन अनुसार सन् २०१० मा कर्णाली अञ्चलको औसत सरसफाइ पहुँचको अवस्था २३ प्रतिशत रहेको थियो । तत्पश्चात कर्णालीका सबै जिल्लाहरुमा सरोकारवालाहरुको सक्रियतामा जिल्ला समन्वय समितिहरुको गठन, जिल्ला सरसफाइ सुधार रणनीतिक योजनाको निर्माण, स्थानीय निकाय तथा सरोकारवालाहरुको क्षमता विकास गरी स्थानीय नेतृत्व अभिवृद्धि विकास मार्फत समुदाय स्तरमा सरसफाइको आवश्यकता महसुस गराउन, सरसफाइ सामग्री तथा सेवाको सुदृढीकरण गर्न र सरसफाइ सम्बन्धी बानी व्यवहारको दिगो रूपमा सकरात्मक रुपान्तरण गराउनका तथा परिचालनका रणनीतिहरु अवलम्बन गरी सरसफाइ क्षेत्रलाई साझा अभियानका रुपमा विकास गरिएको थियो । जसले गर्दा कर्णालीका जिल्लाहरुको सरसफाइ अवस्थामा सुधार आएको छ । हालको सरसफाइ पहुँचको अवस्थालाई हेर्दा कालीकोट जिल्लामा शत् प्रतिशत पहुँच रहेको अर्थात खूला दिसामुक्त जिल्ला घोषणा भैसकेको छ, भने अन्य जिल्लाहरुको सरसफाइको कभरेज औसत ९० प्रतिशत भन्दा माथि छ ।

### सरसफाइ अभियानको विकासक्रम :

यस जिल्लाको सरसफाइको विकासक्रमलाई हेर्दा खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालय, कालीकोटको वि.स.२०६४ सालको तथ्यांक अनुसार ३ प्रतिशत घरधुरीहरु मात्र सरसफाइको पहुँचमा थियो । तत्पश्चात् जिल्लास्तरका सबै सरोकारवाला निकायहरुमा सरसफाइ अवस्था सुधारका लागि साझा बुझाई कायम गर्दै उच्च प्राथमिकता दिने प्रतिवद्धताका साथ २०६५ सालमा “एक घर एक चर्पी कालीकोटको शान, समुदायको अगुवाइमा पुर्ण सरसफाइ हाम्रो अभियान” भन्ने मूल नारा लिई सन् २०१४ सम्म जिल्लालाई खुला दिसामुक्त जिल्लाका रुपमा विकास गर्न जिल्ला सरसफाइ क्षेत्र रणनीतिक योजना निर्माण गरिएको थियो । यसै रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि जिल्ला स्तरका सरोकारवाला निकायहरु बीच क्षेत्रगत समन्वय स्थापित गर्न समन्वय समितिको गठन भई सरसफाइ क्षेत्रको प्रवर्द्धनका लागि समन्वय र कार्यपद्धतीमा एकरुपता ल्याउने प्रयासको थालनी भयो ।

जिल्लाको सरसफाइ क्षेत्रसँग प्रत्यक्ष तथा परोक्ष रुपमा सरोकार राख्ने निकायहरुलाई सरसफाइ प्रबर्द्धनमा सफल साबित भएका नवीनतम पद्धतिका बारेमा अभिमुखिकरण, तालिम प्रदान गरि क्षमता अभिवृद्धिमा विशेष जोड दिईयो र जिल्लामा विना अनुदानको नीति अवलम्बन गर्दै स्थानीय स्तर, त्यसमा पनि समुदायको नेतृत्व विकास गरी आत्म महसुशिकरणका अभियानको थालनी गरी यस जिल्लाका जिम्जेडी, तल्लोसेरा, औलगेला र कोइराल गाँउहरुमा सरसफाइ प्रबर्द्धन अभियान लागु गरिएको थियो । यस अभियानको सफलता स्वरुप २०६५ भाद्रमा कालीकोटको पहिलो बस्तीका रुपमा **बदालकोट–३ जिम्जेडीगाँउ**लाई खुला दिसामुक्त क्षेत्र घोषणा गरियो त्यस्तै वि.स.२०६६ मा **कुमालगाउँ** गाविस कर्णाली कै पहिलो खुला दिसामुक्त गाविस घोषणा भएको थियो ।

यसरी सरसफाइमा उत्कृष्टता प्रदर्शन गर्ने वस्ती तथा गाविसहरुलाई पुरस्कार तथा




अभियन्ताहरुलाई प्रोत्साहन गर्दै यस जिल्लाका राजनीतिक दल, पत्रकार, नागरिक समाज, स्थानीय निकाय, शिक्षा, स्वस्थ्य, निजी क्षेत्र लगायतका सम्पूर्ण क्षेत्रहरुको परिचालन गरियो । जसले यस क्षेत्रको सरसफाइको अभियानलाई गतिशीलता प्रदान गऱ्यो । त्यस्तै गाविस समन्वय समितिहरुको गठन तथा संस्थागत विकास गर्दै गाविस स्तरको सरसफाइ सुधार रणनीतिक योजना निर्माण गरी सफल कार्यान्वयन गरियो । यस जिल्लामा सरसफाइ प्रवर्द्धन सामाग्री तथा सेवा आपूर्ति श्रृङ्खलाको विश्लेषण गरी स्थानीय स्तरमा नीजि क्षेत्रको संलग्नता अभिवृद्धि, आनीबानी परिवर्तनमा संचार रणनीति निर्माण तथा संचार जगतको व्यापक परिचालन, अति गरीव तथा विपन्न वर्ग सहयोग कोष स्थापना तथा परिचालनमा समेत जोड दिइयो । कालिकोटलाई सन् २०१४ सम्म खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने लक्ष्य रहे पनि एक वर्ष अगाबै २०७० जेष्ठ २६ गते जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गरिएको हो ।

### सरसफाइ अभियानले देखिएका उपलब्धिहरु

- घरधुरीहरुमा आधारभूत सरसफाइ सेवामा पहुँच पुगी देशको आठौं खुला दिसामुक्त जिल्लाका रुपमा पहिचान ।
- वर्षेनी देखिने झाडापखाला लगायत अन्य भाइरल रोगको प्रकोपमा न्यूनीकरण भई जनस्वास्थ्यमा सुधार ।
- सबै सरकारी, गैरसरकारी तथा नागरिक समाजकाबीचमा समन्वय, सहकार्य, विश्वास र सद्भावको वातावरण स्थापित ।
- समुदायहरुमा सरसफाइको महत्व र आवश्यकताबारे आत्म महसुशिकरण अभिवृद्धि ।
- समुदायमा चर्पीको स्वस्थ्यकर र साबुनपानीले हातधुने बानी व्यवहारको विकास ।
- जिल्लाका स्थानीय निकाय तथा सञ्जालहरुको क्षमता अभिबृद्धि भई सक्रिय नेतृत्वको विकास ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुको संस्थागत विकास भई सरसफाइ सुधार अभियान स्थानीयकरण ।
- जिल्लामा स्थानीय श्रोत साधनको व्यवस्थापन तथा अधिकतम परिचालन अभ्यासको थालनी भएको ।
- स्थानीय स्तरमा नीजि क्षेत्रको संलग्नता अभिवृद्धि भई निर्माण सामाग्री आपूर्ति तथा सेवामा सुदृढिकरण ।
- सम्पूर्ण विद्यालयहरुको सरसफाइ अवस्थामा सुधार आएको छ जसले विद्यालयको शैक्षिक गुणस्तरमा ल्याएको छ ।

### सरसफाइ अभियानमा देखिएका सफल पक्षहरु

समन्वय तथा कार्यगत एकरुपता, कार्यपद्धतीमा एकरुपता, साझा कार्ययोजना, सबै क्षेत्रको क्षमता विकास तथा परिचालन नीजि क्षेत्रको संलग्नता अभिवृद्धि, स्थानीय निकायहरुको नेतृत्व, खानेपानी तथा सरसफाइ सब डिभिजन कार्यालयको संयोजन, समन्वय समितिहरुको संस्थागत क्षमता विकास तथा परिचालन, स्थानीय सहजकर्ताहरुको विकास तथा परिचालन, संचार जगतको परिचालन, जिल्लामा सरसफाइ क्षेत्रको प्रर्वद्धनका लागि समुदायको आत्म महशुशिकरण, आनीबानीमा परिवर्तन, बजार क्षेत्रको सरसफाइ प्रर्वद्धन तथा

व्यवस्थापनका लागि टोल विकास समिति गठन तथा परिचालन र संयुक्त अनुगमन पद्धतीको विकास तत्वहरुको योगदान रहेको छ ।

## अभियानमा देखिएका विद्यमान चुनौतीहरु

- भौगोलिक विकटता र छरिएको वस्तीका कारण घरायसी तथा संस्थागत शौचालयहरुमा पानीको अपर्याप्तता रहनु,
- जिल्लाका सबै क्षेत्रहरुमा चर्पीको स्वस्थ्यकर प्रयोग तथा व्यवस्थापनमा सन्तोषजनक अवस्था नरहनु ।
- समुदायस्तरमा रहेका चर्पीहरुमा प्राविधिक कमजोरीहरु रहनु जसले गर्दा चर्पीहरुको प्रयोग तथा व्यवस्थापनमा समस्या रहनु,
- जिल्लामा बढ्दो बजारीकरणले फोहर मैलाको उचित व्यवस्थापन नहुनु,
- गाविस तथा जिल्ला घोषणा पश्चात समन्वय समितिहरु तथा अन्य सरोकारवाला निकायहरु निस्क्रिय रहनु,
- विद्यालयहरुमा शौचालयहरुको चर्पीहरुको स्वस्थ्यकर प्रयोग, उचित व्यवस्थापन, साबुन पानीले हातधुने व्यवस्था पक्ष कमजोर रहनु
- सरसफाइ तथा स्वच्छता क्षेत्रको दिगो व्यवस्थापनमा सरोकारवाला निकायहरुको चासो नरहनु,
- अधिकांश क्षेत्रमा पशुगोठ घरसँगै रहेने भएकाले यसको उचित व्यवस्थापन हुन नसक्नु,

## पूर्ण सरसफाइका लागि आगामी कार्यहरु

- पूर्ण सरसफाइ रणनीतिक योजना निर्माण गरि सबै सरोकारवाला निकायहरुको समन्वयमा कार्यान्वयन गर्ने,
- पूर्ण सरसफाइ सम्बन्धी क्षमता विकास गरी साझा तथा एकीकृत अभियानहरु संचालन गर्ने,
- खानेपानी आपूर्तिको अवस्था सुधारका लागि निर्माण भएका खानेपानी आयोजनाहरुको मर्मत सुधारमा प्राथमिकता दिने,
- गाउँ घरमा निर्माण भएका कच्ची चर्पीहरुको सुधार तथा प्राविधिक कमजोरी भएका चर्पीहरुको स्तरोन्नतीमा जोड दिने,
- जिल्ला/गाविस स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संस्थागत विकास तथा क्षमता अभिवृद्धीमा जोड
- समुदाय स्तरमा पूर्ण सरसफाइ विकास गर्न सचेतिकरण तथा आनीबानी परिवर्तन सम्बन्धी अभियानहरु संचालन गर्ने,
- बजार क्षेत्रको सरसफाइ अवस्था सुधार गर्न फोहर मैला व्यवस्थापन, सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन कार्यमा जोड
- सबै विद्यालयहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवहार अवलम्वनको नमूना स्थल बनाउने,
- स्थानीय स्तरमा चर्पीहरुको स्तरोन्नतीका लागि दक्ष जनशक्तिहरुको विकास तथा परिचालनमा जोड दिने,
- स्थानीय स्तरमा निर्माण सामग्री उपलब्धताका लागि निजी क्षेत्रहरुको क्षमता विकास तथा संलग्नता अभिवृद्धि गर्ने,
- जिल्ला तथा गाविस स्तरबाट संयुक्त अनुगमन पद्धतीको सुदृढिकरण गरी नियमित अनुगमन गर्ने,
- पूर्ण सरसफाइ विकासका सूचकका आधारमा गाविसहरुलाई पूर्ण सरसफाइयुक्त वस्ती तथा गाविसका रुपमा विकास गर्ने ।

**देवानन्द धिताल**, खापाससडीका, कालिकोट
**कटक रोकाय**, यूनिसेफ नेपाल,नेपालगञ्ज






*राष्ट्रिय सरसफाइ तथा स्वच्छता समन्वय समिति, नेपालको बैठक । (स्रोत : सचिवालय )*




*मर्चावार सरसफाइ सम्मेलन, रुपन्देही । (स्रोत : खापासडिका, रुपन्देही )*

सरसफाइ सन्देश

चैत ०७१–कात्तिक २०७२,
वर्ष ४, संयुक्ताङ्क १०–११

# घर परिवारहरू शौचालय बनाउन ढिलाई गर्नुका कारणहरू: एक सर्भेक्षणको सार

## पृष्ठभूमी :

नेपालका करिब ५,४२३,२९७ घर मध्ये ६२ प्रतिशतको घरमा शौचालयको सुविधा रहेको तथ्याँक राष्ट्रिय जनगणना २०६८ ले सार्वजनिक गरेको छ । यसको मतलव लगभग ३,३५३,४८५ घरहरुमा शौचालय छैन र उनीहरुले खुला दिसा गर्ने प्रचलनलाई निरन्तरता दिइरहेका छन् । सरसफाइ अभियानको अध्ययन गर्दा ८० देखि ८५ प्रतिशत घरमा सौचालय पहुँच पुऱ्याउन सहज भए पनि पछिल्लो १५ देखि २० प्रतिशत घरमा सौचालय बनाउन कठिन हुने कुरा अध्ययनले देखाएको छ । यो सर्भेक्षण अध्ययन यूएन् ह्याविट्याट ग्लोवल सेनीटेशन फण्ड कार्यक्रमले गरेको हो ।

## उद्देश्यहरु :

अर्घाखाँची जिल्लाका सौचालय बनाउन ढिलाई गरेका घर परिवारहरुले शौचालय बनाउन अनिच्छुक हुनु र खुला दिसा गरिरहनुका अर्न्तनिहित कारणहरु पत्ता लगाउनु ,शौचालय बनाउन ढिलाई गरेका घर परिवारहरुले सरसफाइ सम्बन्धी अवधारणा र अभ्यासको अवस्थालाई उजागर गर्नु , सौचालय बनाउन ढिलाई गरेका घर परिवारहरुले विद्यमान अभ्यासलाई परिवर्तन गर्दै स्वस्थकर शौचालय बनाउन विभिन्न उपायहरुको खोजी गर्नु ।

## अध्ययन क्षेत्र :

यो अध्ययन अर्घाखाँची जिल्लाका चार गाविसहरु क्रमशः सिमलपानी, ठाडा, हंशपुर र सन्धिखर्कमा गरिएको हो, जहाँ सरसफाइको औसत पहुँच ९४.५% रहेको थियो र ३९४ घर सौचालय विहिन अवस्थामा रहेका थिए । तलको तालिकामा गाविस र शौचालय पहुँचको अवस्थालाई देखाईएको छ ।

**तालिकाः १, गाविसको सरसफाइ पहुँचको विस्तृत विवरण**

| क. स. | गाविस | रा.ज.ग. २०६८ अनुसार जनसंख्या | आधारभूत सर्भेक्षण २०१० अनुसार शौचालयमा पहुँच (प्रतिशत) | शौचालय बनेको संख्या (२०१४) | शौचालयमा पहुँच प्रतिशत (सेप्टेम्वर २०१४) |
|---|---|---|---|---|---|
| १ | सीमलपानी | ६,११० | ६.१ | १०६६ | ९६ |
| २ | ठाडा | ९,१२१ | ४६.६ | ८०३ | ९२ |
| ३ | हंशपुर | ७,९६७ | २८.५ | ११५२ | ९३ |
| ४ | सन्धिखर्क | १३,८२५ | ६८.५ | ९७ | ९७ |

## गाविस अनुसार नमूना छनौट :

चारवटै गाविसलाई समेटी शौचालय नभएका कूल घरहरु मध्ये २४% अर्थात ९६ घरहरुलाई नमूनाको रुपमा छनौट गरी अध्ययन गरिएको थियो । सिमलपानीमा २५ घर, ठाडामा २८ घर, हंशपुरमा २४ घर र सन्धिखर्कमा १९ घरहरु छनौटमा परेका थिए ।

## पत्ता लागेका तथ्यहरु व्यवहार र सोचाईसँगको सम्बन्ध

- शौचालय बनाउनु पर्ने कारण- जम्मा ९४ उत्तरदाताहरु मध्ये ४८% ले सुविधा, २३% ले स्वास्थ्यमा हुने फाईदाका पक्षमा आफ्नो विचार व्यक्त गरे । जम्मा ५% ले शौचालय हुँदा आत्मसम्मान बढ्ने धारणा व्यक्त गरे ।
- शौचालय बनाउने योजनाः अधिकाँश उत्तरदाताहरु (९८%) ले जति सक्दो चाँडो शौचालय बनाउने योजना रहेको कुरा व्यक्त गरे । यसले उनीहरु गाविसको खुला दिसामुक्त घोषणा गर्ने लक्ष्य प्रति सचेत छन भन्ने देखाउँछ ।
- शौचालय बनाउने समयावधिः सौचालय बनाउन ईच्छुक ९४ उत्तरदाताहरु मध्ये (८१%) ले १ महीनाभित्रै शौचालय बनाउने योजना रहेको कुरा व्यक्त गरे भने १८% ले दुई महिनाभित्र र १ प्रतिशतले ६ महिनाभित्र शौचालय बनाउने योजना रहेको कुरा व्यक्त गरे ।

## शौचालय नबनाउनुका कारणहरु :




## शौचालय बनाउन उत्प्रेरित गर्ने तत्वहरु

- **उचित लागतः** ७६% अर्थात (७२ जना) ले शौचालय बनाउन उचित लागतमा जोड दिए, जबकी २२% ले लागत निर्णायक तत्व नभएको कुरा व्यक्त गरे । एक जना उत्तरदाताको जवाफ छुट्न गएको छ ।
- **सौचालय बनाउन निर्णायक भूमिकाः** ३० प्रतिशत अर्थात २९ जना उत्तरदाताले घरको मुख्य मान्छेको निर्णयमा शौचालय बनाउने कुरा निर्भर हुने कुरा व्यक्त गरे जबकी ७०% अर्थात ६७ जनाले घरको मूली व्यक्तिको निर्णयमा निर्भर हुन नपर्ने कुरा व्यक्त गरे ।
- **३७% उत्तरदाताले** शौचालय निर्माण सामग्रीहरु र दक्ष मिस्त्री सजिलै उपलब्ध हुने कुरा व्यक्त गरेका छन ।
- **परिवारमा विवाहः** अधिकांश (९९%) उत्तरदाताहरुले परिवारका कुनै सदस्यको विवाह हुने कारण शौचालय बनाउनु नपर्ने कुरा व्यक्त गरे भने १% अर्थात १ जनाले विवाहको समयमा शौचालय बनाउन प्रभाव पार्ने कुरा व्यक्त गरे ।

## निष्कर्षः

- ९० र ५८ प्रतिशत उत्तरदाताहरुको क्रमशः मोवाइल र विद्युतमा पहुँच रहेको छ । अधिकांश घरमा टेलिभिजन छैन ।
- ४२ र २२ प्रतिशत उत्तरदाताहरुले अझै पनि क्रमशः जंगल र चौरलाई दिसा गर्ने स्थानको रुपमा प्रयोग गर्दछन् ।
- अधिकांश उत्तरदाताले सुविधाको लागि र २३ प्रतिशतले स्वास्थ्यमा हुने फाईदाका कारण चर्पी बनाउने गरेको पाईयो ।
- शौचालय बनाउन जग्गाको सवाल नरहेको कुरा ९२ प्रतिशत उत्तरदाताले व्यक्त गरे तर ८ प्रतिशत उत्तरदाताले भने शौचालयको लागि जमीन पनि मुख्य सवाल रहेको जानकारी गराए ।

## सुझावहरुः

- क्षमता विकास, दृष्यसंचार औजारहरुको प्रयोग,अनुभव आदान प्रदान,

घरदैलौं भेट कार्यक्रममा बढावा दिनुपर्ने ।

- सरसफाइसँग सम्बन्धित व्यवहारहरु र समुदायको आवश्यकता, चाहना, र अवधारणालाई सम्बोधन गर्नको लागि स्थानीय वातावरणीय तत्वहरु, मानव गतिशिलता र बौद्धिकतालाई समावेश गर्दै व्यवहार, अवधारणा र अन्य नदेखिने पक्षहरुमा जोड दिने ।
- ढिलाई गरेका घर परिवारहरूलाई पहिचान गरी सरसफाइका क्रियाकलापहरुलाई अभियानात्मक रुपमा संचालन गर्न र सक्षम बनाउन गाविस स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको क्षमता विकास गर्नुपर्ने ।
- ५६% उत्तरदाताहरु मात्र स्थानीय तहको जागृतिमूलक क्रियाकलापहरुमा सहभागी हुने गरेका छन । समुदायको अधिकतम सहभागिताको लागि उपर्युक्त समयमा तालिम गोष्ठी तथा जागरणमूलक क्रियाकलापहरु संचालन गर्ने, स्वामित्व र जिम्मेवारी लिने वातावरण बनाउन अधिकार प्रत्यायोजन गर्ने, समयमै सूचना सम्प्रेषण गर्ने, व्यक्तिगत रुपमा भेटघाट गर्ने र फोनबाट सम्पर्क गर्ने ।
- जंगल र खुला स्थानमा शौच गर्ने सम्बन्धमा  समुदाय र सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिहरुलाई सरसफाइ अभियानमा परिचालन गरी खुला शौच गर्न प्रयोगमा आएका स्थानमा खुला शौच गर्न कठिनाई सिर्जना गर्न सकिन्छ ।
- स्थानिय तहमा उपलब्ध स्रोतहरुको परिचालन व्यवस्थापनका लागि सहजीकरण गर्ने ।
- नागरिकहरुको सोचाइमा सौचालय बनाउन बढि खर्चिलो हुन्छ तर सुरक्षित शौचालय बनाउन लाग्ने वास्तविक लागत नागरिक सामु जानकारी गराउने र यसका साथै शौचालय हुँदा स्वास्थ्यमा हुने फाईदा जानकारीले स्थानिय नागरिकहरुलाई जागरुक बनाउँदछ ।
- शौचालयका विभिन्न मोडल र डिजाईनहरु उपलब्ध गराउनु पर्दछ जसले गर्दा स्थानीय नागरिकहरुले आफ्नो औकात अनुसार शौचालयका डिजाइन छनौट गर्ने अवसर पाउन । समुदायलाई प्राविधिक रुपमा उपयुक्त शौचालय बनाउन आवश्यक सल्लाह नियमित रुपमा उपलब्ध हुनुपर्दछ ।
- शौचालयका सामग्रीहरु चाहिएको समयमा सजिलै उपलब्ध गराउन सामग्री आपूर्ति व्यवस्थालाई मजबुत बनाउँनु पर्दछ ।

यसर्थ यस अध्ययनले पत्ता लगाएका मुख्य तथ्यहरुलाई हेर्दा शौचालय बनाउन ढिलाई गरेका घर परिवारहरु १० देखि १५% रहेका र उनीहरुलाई कार्यक्रमको शुरुवात देखि नै समेटनु पर्ने देखिन्छ । यसका लागि उनीहरुको आवश्यकता, चाहना, मागलाई यथोचित सम्बोधन गर्न सुपथ मूल्यमा, सुलभ र सहज रुपमा सामग्रीहरुको व्यवस्था सहित उनीहरुलाई सरसफाइ तथा स्वच्छता व्यवहार परिवर्तनका लागि सरोकारवालाहरुबाट सहयोग गर्नुपर्ने देखिन्छ ।

*राजेश मानन्धर, यूएन् ह्याबिट्याट ।*



*खानेपानी तथा ढल निकास विभागको वार्षिक प्रगति समीक्षा तथा कार्यक्रम तयारी कार्यशाला । (स्रोत : सचिवालय)*




*साबुनपानीले हात धुने सन्देशको प्रदर्शन । (स्रोत : यूनिसेफ नेपाल)*



*दैलेख जिल्लाको दुल्लु नगरपालिका खुला दिसामुक्त घोषणा समारोहमा उपस्थित सहभागीहरु । (स्रोत : खापासडिका, दैलेख)*




*बारा जिल्लाको कलैया नगरपालिका अन्तर्गतका वार्डहरु खुला दिसामुक्त घोषणा समारोह । (स्रोत : लुमन्ती)*

# जहाँ ईच्छा त्यहाँ उपाय

कैलाली जिल्ला प्रतापपुर गाविस वडा नं. ८ खमरिया टोल अवस्थित घरमा म राजकुमारी चौधरी लगायत मेरो श्रीमान्, एउटा छोरा र एउटी छोरी गरी जम्मा चार जनाको परिवार बस्दै आईरहेका छौं । म विगत आठ, दश बर्ष देखि महिला स्वास्थ्य स्वयं सेविकाको रुपमा काम गर्दै आईरहेकी छु । गाउँ समाजका मानिसहरुलाई स्वास्थ्य तथा सरसफाइका विषय अलावा विभिन्न किसिमका परामर्श सेवा संगसँगै गाउघर क्लिनिक मार्फत विभिन्न किसिमका औषधीहरु, परिवार नियोजनका अस्थाई साधन, जीवनजल लगायतका औषधी वितरण तथा विभिन्न किसिमका खोप कार्यक्रममा पनि सहभागी भएर समाजमा सेवा दिने कार्यमा निरन्तर लागिरहेकी छु । म सरसफाइ तथा स्वास्थ्यका क्षेत्रमा समाजका मानिसहरुलाई सेवा प्रदान गर्दै आउँदा पनि मेरो घरमा भने शौचालय थिएन । मेरो चार जनाको परिवार छिमेकीको घरको शौचालयमा जान बाध्य थियौं । छिमेकीको घरको शौचालयमा जानुपर्दा साह्रै कठिनाई भोग्नुपरेको थियो । कहिलेकाँही शौचालय जादाँ लाइन लाग्नुपर्ने त कहिले शौचालय भएको घरको मानिसको विभिन्न किसिमका कुराहरु सुन्नुपर्ने अवस्था थियो भने कहिले पालै नपाएर बाहिर खुला ठाउँमा दिसा गर्न जानु पर्दथ्यो । यसकारण मनमा खिन्नता त हुन्थ्यो तर पनि शौचालय बनाउने सौंच अझै पनि आएको थिएन ।

मिति २०७१ साल बैशाख २० र २१ गते प्रतापपुर गा.वि.स को आयोजना तथा सेबक नेपालको सहजिकरणमा गाविस स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी रणनीतिक योजना तर्जुमा गोष्ठीमा मैले सहभागी हुने मौका पाँए त्यो गोष्ठीमा मैले जतिकुरा सिके त्यसले मेरो मनमा हलचल पैदा गर्‍यो, मेरो होस खुल्यो र मलाई ग्लानी पनि भयो । हुन पनि हो सामान्य दुई, चार हजार रुपैयाँका कारणले घरमा शौचालय नबनाउँदा बर्षेनी मानिसहरु सरसफाइको कमीका कारणले लाग्ने दिसा जन्य रोगहरुबाट पीडित हुने अनि कसैले अकालमा ज्यान गुमाउनु परेको अवस्था पनि छ । शौचालय नहुँदा खुला ठाउँमा दिसा गर्नु पर्ने कसैले देखिहाल्यो भने कयौं महिना सम्म पनि लाजले बोलचाल कुराकानी बन्द हुने अवस्थामा गाउँ, समाज अहिले पनि गुज्रिरहेको छ । अनि मैले सोचे अहिले गाविसमा सरसफाइ अभियान चलेको छ सबैले आ-आफ्नो घरमा शौचालय बनाउनु पर्छ भन्ने निर्णय पनि भएको छ त्यसैले बेलैमा ध्यान पुर्‍याउँदा राम्रो हुन्छ भन्ने सौंचले गोष्ठी भएको एक हप्ता भित्र शौचालय बनाए ।

हाल मेरो घरमा शौचालय भएका कारणले मेरो घरका चार जना सदस्यलाई धेरै सुबिधा प्राप्त भएको छ किनभने पहिला जस्तो अरुको शौचालयमा जानुपर्ने, लाइन लाग्नुपर्ने, कुरा सुन्नुपर्ने अनि बाहिर खुला ठाउँमा दिसा गर्नुपर्ने, खुला ठाउँमा दिसा गरेका कारणले विभिन्न किसिमका दिसा जन्य रोगहरु लाग्ने जसको कारणबाट वर्षेनी जनधनको क्षति भैरहने अनि कसैले बाहिर दिसा गर्न देखिहाल्यो भने त्यो मानिससँग बोलचालै बन्द रहने अवस्थाबाट अहिले मेरो परिवारले छुटकारा पाएको छ । अहिले म जसको घरमा शौचालय छैन तिनिहरुलाई समेत शौचालय बनाउनु पर्दछ, शौचालयबाट विभिन्न किसिमका फाईदाहरु छन्, अहिले गाउँमा अभियान चलिरहेको छ भनेर जानकारी गराईरहेकी छु, वास्तवमा मानिसमा ईच्छा शक्ति जाग्यो र जनचेतनामा बृद्धि भयो भने त्यहाँ न रुपैयाँ, न कुनै अन्य शक्तिले बाधा व्यवधान गर्ने रहेछ त्यो कार्य सफल भई छाड्ने रहेछ ।

*सेफ वास परियोजना, सेबक नेपाल*



*खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सुविधा र व्यवहार । (स्रोतः नेवा)*



*खानेपानी तथा ढल निकास विभाग र विश्व स्वास्थ्य संगठन नेपालद्वारा संचालित पूर्ण सरसफाइ प्रशिक्षक प्रशिक्षण कार्यक्रममा विभिन्न जिल्लाका सहभागीहरु (स्रोतःभोजेन्द्र अर्याल)*



*खानेपानी र सरसफाइ आयोजना सम्बन्धी सूचना पाटी । (स्रोतः फन्डबोर्ड)*

# संरचनात्मक प्रकार्यवादको दृष्टिकोणमा नेपालको खुला दिसामुक्त अभियान

यस लेखमा नेपालमा खुला दिसामुक्त अभियान सम्बन्धी क्रियाशील विभिन्न इकाईहरु एवं तिनको भूमिका र प्रकार्यलाई संरचनात्मक प्रकार्यवादको सैद्धान्तिक ढाँचा अनुरुप व्याख्या र विश्लेषण गरिएको छ । यस लेख तयार पार्नको लागि भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिकामा गरिएको खुला दिसामुक्त अवस्थाको अध्ययन समेतलाई आधार मानिएको छ। जसका लागि अगस्त कोम्टे, हरवर्ट स्पेन्सर, रेडक्लिफ ब्राउन, ईमाइल दुर्खिम, बि.एल. मैलिनोस्कि, आर.के. मर्टन र टालकोट पार्सन्स आदि समाजशास्त्र/मानवशास्त्रका सिद्दान्तकारहरुको दृष्टिकोणहरुलाई आधारमानी तपसिलमा संक्षिप्त रुपले पुनरावलोकन गरिएको छ ।

**संरचनात्मक प्रकार्यवादको आधारभूत अवधारणा र दृष्टिकोण**

विभिन्न इकाईहरु मिलेर बनेको स्वरुपलाई संरचना भनिन्छ । उक्त संरचना भित्रका एकाईहरु बीच हुने अन्तरक्रियालाई प्रकार्य भनिन्छ । प्रकार्य बिना संरचनाको अस्तित्व हुदैन भने संरचनाको अभावमा प्रकार्य पनि सम्भव हुन सक्दैन । यसरी संरचना भित्रका इकाईहरु बीचको प्रकार्यात्मक सम्बन्धले नै संरचनालाई अस्तित्व प्रदान गरेको हुन्छ भन्ने सैद्वान्तिक ढाँचालाई नै संरचनात्मक प्रकार्यवाद भनिन्छ। यस सैद्वान्तिक ढाँचाले एकाई, सम्पूर्णता र संरचनाबीचको सम्बन्ध, स्थिरता र द्वन्द, समष्टिगत दृष्टिकोण र प्रणालीगत व्यवस्था, प्रकार्यात्मक पूर्वशर्त र अपरिहार्यता, प्रकार्यात्मक सर्वव्यापकता र प्रकार्यात्मक एकता जस्ता आधारभूत विशेषता र मान्यताहरु बोकेको हुन्छ ।

अगस्त कोम्टेले समाजका विभिन्न इकाईहरुको प्रकार्यले समाज संगठित हुन्छ भनेका छन् । हरवर्ट स्पेन्सरले सामाजिक प्रणालीलाई जैविक प्रणालीसंग तुलना गरेका छन । उनका अनुसार जसरी जैविक प्रणालीका विभिन्न अंगहरु एक आपसमा अन्तर्सम्बन्धीत हुन्छन र तिनको प्रकार्यबाट जीवको अस्तित्व रहेको हुन्छ त्यसै गरी सामाजिक प्रणालीका इकाईहरुको प्रकार्यबाट नै समाज जीवन्त रहन्छ । रेडक्लिफ ब्राउनका अनुसार संरचनाको अभावमा इकाईको अस्तित्व नरहने र इकाईहरुको प्रकार्यबीना संरचना अस्तित्वमा नआउने कुरा व्यक्त गरेको छन् ।

ईमाइल दुर्खिमले सामाजिक तथा सांस्कृतिक अंगहरुले समाजको आवश्यकता पूरा गर्नका लागि प्रकार्य गर्ने कुरा उल्लेख गरेका छन् भने समाजमा घट्ने हरेक घटनालाई विभिन्न इकाईहरुको प्रकार्य तथा कार्य र कारण सम्बन्धको परिणामको रुपमा बिबेचना गर्दछन । दुर्खिमले जैविक एकता र यान्त्रिक एकताको बारेमा बोलेका छन् । उनका अनुसार जैविक एकता भएको समाज आधुनिक समाज हो । यस्तो समाजमा श्रम विभाजनको विशिष्टिकरण रहेको हुन्छ। त्यसैगरी यान्त्रिक एकता अन्तर्गत समाजमा मौजुदा मूल्य, रितिरिवाज, परम्परा, संस्कार आदिले एक आपसमा प्रकार्य गरी संयोजित भएका हुन्छन ।

मैलिनोस्किका अनुसार संस्कृतिबाट व्यक्तिका विभिन्न आवश्यकताहरुको परिपूर्ति भएको हुन्छ, सांस्कृतिक इकाईहरुले सकारात्मक भूमिका खेलेका हुन्छन र यदि सामाजिक र सांस्कृतिक व्यवस्थाका कुनै इकाईको प्रकार्यमा असन्तुलन भयो भने समग्र व्यवस्थामा असर पैदा हुन्छ। आर.के.मर्टनका अनुसार सामाजिक साँस्कृतिक प्रणालीका इकाईहरुले गर्ने कार्यले सदैव सामाजिक एकीकरणमा जोड दिएको हुदैन। त्यसैले समाजका इकाईले गर्ने प्रकार्य या त सुकार्य हुन्छ या त अकार्य हुन्छ भन्ने तर्फ उनको दृष्टिकोण रहेको छ। उनका अनुसार प्रकार्यले समाजको प्रणाली र संगठन निर्माणमा योगदान पुऱ्याएका हुन्छन भने अकार्यले त्यसको विघटनमा जोड दिन्छ । यसैगरी उनले प्रकट कार्य र अप्रकट कार्यहरुको अवधारणा विकास गरेको छन । उनका अनुसार प्रकट कार्य भन्नाले पद्दति भित्रका पात्रहरुले चाहेको, उद्देश्यमूलक र देखिने कार्य हो भने अप्रकट कार्य न त ईच्छित हुन्छन नत सजिलै पहिचान नै भएका हुन्छन। यी सैद्दान्तिक दृष्टिकोणहरुको खाका र मान्यताहरु भित्र रही नेपालको खुला दिसामुक्त अभियान संचालनको व्याख्या र विश्लेषण यसप्रकार व्याख्या गरिएको छ ।

**इकाई, सम्पूर्णता र संरचना बीचको सम्बन्धः** सरकारी निकाय, विकास साझेदार, निजी उद्यमी र समुदाय आदि चार क्षेत्रसँग सम्बन्धीत इकाईहरु (कर्ताहरु) खुला दिसामुक्त अभियानको लागि संलग्न रहेका हुन्छन । समुदायिक प्रणालीको उपप्रणालीको रुपमा उपभोक्ता समिति, महिला समूह, अगुवा कार्यकर्ता, स्वयंसेवक, शिक्षक, विद्यार्थी, धार्मिक अगुवा, स्थानीय कलब, युवा समूह, सामाजिक, सांस्कृतिक र धार्मिक संस्था, आदि क्रियाशील हुन्छन् ।

**द्वन्द्व र स्थिरता** : यी माथि उल्लेखित इकाईहरु सधैभरी समानजस्यपूर्ण अवस्थामा भने रहेका हुँदैनन् । जस्तै बाहिर दिसा गर्न बन्देज गर्ने आचार संहिता कार्यान्वयन गर्दा शुरुमा समुदायमा बाधा विरोध उत्पन्न हुन्न सक्छ । तर पनि आपसी छलफल र विचार विमर्श पछि उक्त द्वन्दको अन्त्य भइ समुदायमा सहमति हासिल हुन पुग्दछ ।

**समष्टिगत दृष्टिकोण र प्रणालीगत व्यवस्था** : चर्पी निर्माण घरधुरी तहमा हुने कार्य हो । तर खुला दिसामुक्त अवस्थाको प्राप्ती भने हरेक इकाई, उप प्रणाली र सरोकारवालाहरुको संयुक्त प्रयासले मात्र सम्भव हुन्छ । साथै चर्पी निर्माण र प्रयोगले मात्र खुला दिसामुक्त अवस्थाले दिगोपना हासिल गर्न सक्दैन । यी पक्षहरुको अतिरिक्त साबुनपानीले हात धुने, चर्पी र घर आँगन सफा राख्ने र प्रशोधित ढल प्रणालीको व्यवस्था, आदि विभिन्न प्रकार्यहरु समेटि खुला दिसामुक्त अवस्था हासिल हुन्छ ।

**प्रकार्यात्मक पूवर्शत र अपरिहार्यता** : हरेक इकाई र उप प्रणालीहरुले अनीवार्यतः प्रकार्य गर्नु पर्दछ। केही घरमा चर्पी बने पनि सामूहिक प्रकार्य बिना कदापी उक्त स्थानमा खुला दिसामुक्त अवस्था हासिल हुन सक्दैन। सरसफाइमा काम गर्ने हरेक सरोकारवालाहरुले आफनो कार्य क्षेत्रमा अनिवार्यतः खुला दिसामुक्त अवस्था हासिल गर्नु पर्दछ भनि सरसफाइ गुरुयोजना २०६८ को मार्गदर्शक सिद्धान्तमा पूर्व शर्तको रुपमा संस्थागत गरिएको छ।

**प्रकार्यात्मक एकता र सर्वव्यापकताः** खुला दिसामुक्त गर्ने कार्य हरेक इकाई र उपप्रणालीको एक आपसको प्रकार्यात्मक सम्बन्ध र एकताले मात्र सम्भव भएको छ । ती सबै एकाई र उपप्रणालीको कार्यलाई गुरुयोजना मार्फत सरसफाइ सम्बन्धी गाँउ विकास समिति (गाविस) र नगरपालिका (न.पा.) स्तरिय रणनीतिक योजनामा एकीकृत गर्ने गरिएको छ । साथै यो कार्य कुनै एक समुदायमा मात्र सीमित नभई सामाजिक अभियानको रुपमा देशव्यापी बनेको छ।

**कार्य (श्रम) विभाजन र प्रकार्य** : माथि उल्लेखित कर्ताहरुमध्ये सरकारले अनुकूल नीति, आचार संहिता र कार्यक्रम तर्जुमा गर्ने, विकास साझेदारहरुले नीति र कार्यक्रम कार्यान्वयन गर्न सरकारसँग साझेदारी गर्ने, निजी क्षेत्रले व्यापार गर्ने शैलीमा सरसफाइका सुविधा निर्माण गर्नका लागि घरधुरीलाई आवश्यक पर्ने सामग्रीहरु बारे विज्ञापन गर्ने र माग अनुरुप सामग्रीहरु उपलब्ध गराउने तथा समुदायले खुला दिसामुक्त गर्ने कार्यलाई पूर्ण रुपले अपनाई, सुविधाको समुचित प्रयोग गरी उपयुक्त बानी व्यहोरा अपनाउने, आदि व्यवस्था रहेको छ । त्यसै गरी समुदायका उप प्रणालीका कर्ताहरुले सरसफाइका लागि स्थापित संस्थाहरुलाई क्रियाशील बनाउने, सचेतना फैलाउने, सुविधाको प्रयोग र मर्मत सम्भार गर्ने, स्वअनुगमन गर्ने, अटेर गर्ने लाई दण्डित गर्ने, आदि कार्य गरेका हुन्छन । यदि सरकारको नीति कार्यान्वयन भयो, सार्वजनिक स्थलहरुमा चर्पी निर्माण र ढल प्रशोधन भयो, विकास साझेदारले नीति अनुरुप प्रकार्य गरे, निजी क्षेत्रले समुदायको माग अनुरुप सामग्री आपूर्ति गरे (वा सुपथ मूल्यमा सहजै सरसफाइका सामग्रीहरु पाइने स्थान सम्म समुदायको पहुँच पुग्यो भने) र

सरसफाइ सन्देश
चैत ०७१-कात्तिक २०७२,
वर्ष ४, संयुक्ताङ्क १०-११

समुदाय सरसफाइको महत्वप्रति सचेत भए र साथ पनि दिए भने खुला दिसामुक्त अवस्थाको दिगोपन कायम हुन्छ ।

**एकीकरण** : सरसफाइमा कार्यरत कर्ताहरुलाई जिल्ला, न.पा. र गाविसस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुमा आवद्द गरिएको हुन्छ । ती सबै कर्ताहरुले सरसफाइका लागि गर्ने कार्यलाई सम्बन्धित तहका सरसफाइसम्बन्धी रणनीतिक योजनाहरु मार्फत् एकीकृत गरी खुला दिसामुक्त अभियान संचालन गरिएको हुन्छ ।

**व्यक्तिगत र सामूहिक आवश्यकता परिपूर्ति** : चर्पीको निर्माण, पानीको व्यवस्था र खुला दिसामुक्त अवस्था हासिल हुँदा व्यक्तिगत र समुदाय तहका सरसफाइ सम्बन्धी तमाम आवश्यकता हरु (जस्तै हात धुने, नुहाउने, घर आँगन सफा गर्ने गाउँघर सफा हुने, रोग व्याधीबाट बच्ने, आदि) हासिल हुन गई स्वस्थ समाज निर्माणमा योगदान पुगेको हुन्छ ।

**सुकार्य** : नीति र आचार संहिताको परिपालनाले सुकार्यको संस्कार स्थापित गर्दछ । तालिम र अभिमुखिकरण आदि मार्फत ज्ञान र सीप विकास गरिन्छ । ट्रिगरिंगका औजारहरु प्रयोग गरी बाहिर दिसा गर्ने प्रचलन तत्काल बन्द गर्न व्यक्तिलाई भित्रै देखि अभिप्रेरित गरिन्छ । जसले गर्दा समुदायको आफ्नै पहलमा खुला दिसामुक्त अभियान अघि बढछ भने खुला दिसामुक्त पश्चातको अभियानले संस्था, सुविधा र बानी व्यवहार लगायत सरसफइका विभिन्न पक्षहरुमा दिगोपन हासिल गर्दछ । साथै सरसफाइका लागि लाभदायक हुने संस्कार, मूल्य मान्यता र विश्वासहरुले (जस्तै दिनहुँ नुहाउने, खोलामा दिसा गर्नु सामाजिक अपराध हो भन्ने सोच, सरसफाइमा भगवानको बास हुन्छ भन्ने विश्वास, आदि) खुला दिसामुक्त अवस्था कायम राखन सकारात्मक योगदान पुऱ्याएका हुन्छन् ।

**अकार्य** : चर्पी निर्माण गर्दैन भनी अटेरी गर्ने, पुर्खाले बाहिर दिसा गरेर पनि चल्यो भने हामीलाई किन चर्पी चाहियो भन्ने सोच बोक्ने, सक्षम घरधुरीले पनि सहयोग पाएपछि मात्र चर्पी निर्माण गरौंला भनेर पर्खी बस्ने, घरमा चर्पी निर्माण गरेर पनि खुला ठाउँमा दिसा गर्ने, संरचनाको मर्मतसम्भार नगर्ने, बच्चा बच्चीको दिसा हानीकारक हुदैन भनी जथाभावी रुपले घर आँगन वरी परी फ्याक्ने, समन्वय समितिका निर्णयहरु उपर बाधा विरोध गर्ने, आचार संहिताको परिपालना नगर्ने, आदि अकार्यहरु बाधा अड्चनको रुपमा देखा परेका छन ।

**प्रकट कार्य** : समन्वय समिति गठन गर्नु, जन चेतानमूलक कार्य संचालन गर्नु, आचार संहिता लागु गर्नु, चर्पी निर्माण गर्नु, चर्पीमा दिसा गर्नु, खुला दिसा बन्द गर्नु, साबुन पानीले हात धुनु, आदि खुला दिसामुक्त अभियानसँग सम्बन्धीत प्रकट कार्यहरु हुन् । जस मार्फत झाडा पखाला जन्य रोग व्याधी कम गर्ने लक्ष्य रहेको हुन्छ । जो पूर्ण रुपले उद्देश्यमूलक र ईच्छित हुन्छन् ।

**अप्रकट कार्य** :खुला दिसामुक्त अवस्था सिर्जना गर्ने कार्यले पर्यटन र साझेदारी विकासमा ठोस टेवा पुगेको हुन्छ । खुला दिसा अभियान संचालन गर्दा आधारभूत रुपमा न त पर्यटन विकास गर्ने उद्देश्य बोकिएको हुन्छ न त साझेदारी विकास गर्ने नै । तसर्थ खुला दिसामुक्त अवस्थाको दीगोपन हासिल गर्ने सन्दर्भमा यस्ता अप्रकट कार्यहरुले पनि गहन प्रभाव पारेका हुन्छन् ।

**कमल अधिकारी र भोजेन्द्र अर्याल,**
**खानेपानी तथा ढल निकास विभाग**
**मन्जु पौडेल, काठमाडौं**

**सन्दर्भ सामाग्रीहरु**


- *नेपाल सरकार, सरसफाइ गुरु योजना, २०६८*
- *भोजेन्द्र अर्याल, नेपाली समाज र संस्कृतिका उपागमहरु, ज्ञाज कुन्ज प्रकाशन काठमाडौं , २०६८*
- *मन्जु पौडेल, भक्तपुर जिल्लाको चाँगुनारायण नगर पालिकामा खुला दिसामुक्त अवस्थाले समाजमा पारेको प्रभावको अध्ययन, समाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तहको शोधकार्य, त्रिचन्द्र बहुमुखी क्याम्पस, २०७१*
- *Abraham M. Francis, Modern Sociological Theory An Introduction, Oxford University Press, India, 1992*
- *G.Ritzer, Sociological Theory, The McGraw-Hill Companies, Inc. Singapore, 1996*
- *J.H Turner, The Structure of Sociological Theory, Rawat Publications, Jaipur, India, 1987*
- *Kamal Adhikari, Sanitation in Nepal: Past, Present and Future, Kunti Bhoomi Memorial Trust, 2015*
- *Kamal Raj Sharma, Developing Modern Toilet Culture in Rural Communities: Gaps between Policy and Practices Reflecting Gloominess on the Great Hopes, SOPHEN Journal, 2015*




*सरसफाइ सप्ताह अभियानमा विद्यालय मसुरीया, कैलाली (स्रोतःसेवक नेपाल)*


*जुम्ला जिल्लाका समुदायमा भाँडा माझ्ने स्यलाव र च्याङ (स्रोतः किर्डाक, नेपाल)*


*मोबाइल प्रविधि मार्फत सरसफाइसम्बन्धी तथ्यांक संकलन (स्रोत :एसएनभी, नेपाल)*



*पृथ्वी राजमार्ग अन्तर्गत तनहुँ जिल्लामा रहेको सार्वजनिक शौचालय ।*
*(स्रोत :पश्चिम नेपाल ग्रामीण खानेपानी सरसफाइ आयोजना)*

# मोबाइल बेचेर पक्की चर्पी निर्माण

बर्दिया जिल्लाको गुलरिया नगरपालिका-२ बस्ने वर्ष ३८ का रामकिशोर खैरा आफ्नो घरमा बाथरुम सहितको पक्कि चर्पी हुँदा निकै हर्ष विभोर देखिन्छन् । रामकिशोर विगतको चर्पि निर्माणको योजनाबारे यसरी व्यक्त गर्दछन् "म मलेशियामा तीन वर्ष सम्म ज्यालादारी काम गरेर बसे । मलेशियाबाट स्वदेश फिर्ता भए पछि घरमा एउटा चर्पी निर्माण गर्नु पऱ्यो भनेर भित्रै देखि ईच्छा जागेर आयो तर सम्झे पैसाको जोहो कसरि गर्ने ? फेरि मनमा विचार आयो कि मलेशियाबाट किनेर ल्याएको मोबाइल बिक्रि गऱ्यो भने सम्भव हुन्छ"। सोहि योजना अनुसार रामकिशोरले करिब २०,००० रुपैयाँमा सो मोवाइल बिक्रि गरी वाथरुम सहितको पक्की चर्पीको निर्माण कार्य शुरुगरे । तर निर्माणको क्रममा सो रकम बाट सम्पन्न हुन असम्भव देखेपछि घरमा रहेको भैंसी बेची करीब ४०,००० रुपैयाँमा निर्माण कार्य सम्पन्न गरे ।

चर्पी निर्माण पूर्व यस परिवारका सदस्यहरुले निकै समस्या भोगेको देखिन्छ । यसै सन्दर्भमा रामकिशोरकी आमा वर्ष ६० कि जलवर्षी खैरा अगाडि भन्छिन् " म र मेरो परिवारका सदस्यहरुले सधैं झाडीमा गएर सौच गर्नु पर्दा निकै अप्ठयारो भोगेका थियौं । सब भन्दा बढि समस्या त बर्षात र रातीको समयमा हुने गर्दथ्यो साथै सर्पले टोक्छ कि भनेर पनि निकै सावधानी अपनाउनु पर्दथ्यो । घरमा कोही पाहुना आउदा यदि खुला रुपमा शौंच गर्ने बानी छैन भने झन लाज र सरमले मरेतुल्य भइन्थ्यो । खासगरी बालवालिकाहरूमा नियमित रुपमा पानीजन्य रोगहरु देखा पर्दथ्यो । तीनवटा बालवालिकाहरुमा वर्षेनि ३-४ पटक झाडा पखाला लागिरहन्थ्यो जसका कारण बार्षिक करिब ७,००० दखि ९,००० रुपयाँ सम्म उपचार खर्च व्यहोर्नु पर्दथ्यो ।"

तर समय अनुसार यस परिवारमा



सरसफाइको स्थितिमा आमूल परिवर्तन भएको देखिन्छ जसवाट उनी र उनको परिवार निकै खुशी देखिन्छन् । रामकिशोर हर्षित मुद्रामा अगाडि भन्छन् "सुधारिएको पक्की चर्पीले मेरो घर र वरिपरिको वातावरण सफा, दुर्गन्धरहित र स्वस्थकर छ" । अहिले हामीलाई शौंच गर्न झाडी तथा खेतबारी धाउनु परेको छैन । मोवाइल बेचिएकोमा मलाई रत्तिभर पनि पछुतो छैन किनभने यसको बदलामा मैले उच्चतम सुबिधा तथा मनग्य फाइदा पाएको छु"। रामकिशोरका अनुसार मुख्य गरी चारवटा पक्षहरूले उनलाई चर्पी निर्माणमा अग्रसर गराएको देखिन्छ; क) मलेशियाको लामो समयको बसाइले चर्पी प्रयोग गर्ने बानी बस्नु । ख) सफा र स्वस्थ गुलरिया परियोजनाले यस समुदायमा आयोजना गरेको सरसफाइमूलक भिडियो प्रदर्शन । ग) गुलरिया नगरपालिकाद्वारा संचालित सरसफाइ कार्ड । घ) उनकी श्रीमतीले चर्पि निर्माणका लागि गरेको पटक पटकको दबाव अर्थात् स्त्रीहठ ।

हाल रामकिशोरकी आमा जलवर्षी खैरा भन्छिन " मलाई खुला रुपमा दिसागर्दा हुने नकारात्मक असर बारे जानकारी छ । मैले खुला रुपमा दिसा गरेर यसको नकारात्मक असर अन्य व्यक्तिलाई पार्न चाहान्न । यसकारण छोराले गरेको चर्पी निर्माणको प्रस्ताव सहजै स्वीकार गरे । झाडी पहिल्याउदै दिसा गर्न जानुको सट्टा घर नजिकै रहेको चर्पी प्रयोग गर्न पाउदा निकै सहज र गर्व महशुस गरेकी छु" । "चर्पीको नियमित प्रयोग पश्चात् विगत सात महिना देखि हाम्रो बालबालिकाहरूमा पानीजन्य रोग समेत देखा परेको छैन" ।

***प्राक्टिकल एक्सन*, नेपाल**



*समुदायमा चर्पी निर्माण गर्दै । (स्रोत : इको नेपाल)*




*सरसफाइको प्रचार प्रसार एवं व्यवहार परिवर्तनको एक औजार । (स्रोत : जिएसएफ/यूएन ह्याविट्याट)*

# सरसफाइ क्याफे

नेपालमा सन् २०१७ सम्म सरसफाइको आधारभूत सुविधा पुऱ्याउने राष्ट्रिय लक्ष्य अनुरुप देशभर खुला दिसामुक्त अभियान संचालन भइरहेको छ । अन्य भौगोलिक क्षेत्रका तुलनामा तराइ मधेशको सरसफाइको कमजोर अवस्थालाई मध्य नजर गरेर सरोकारवालाहरुद्वारा यहाँको सरसफाइ प्रवर्द्धन गर्न विशेष प्याकेज कार्यक्रम संचालन भइरहेकोछ । यसमा स्थानीय निकायको नेतृत्व तथा जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको समन्वय तथा संयोजनमा यस क्षेत्रका सरोकारवालाहरु अहोरात्र खटिरहेका छन् ।

सरसफाइ प्रवर्द्धनको माग र आपूर्तिका विषयमा छलफल गर्न तथा सरसफाइ सामाग्रीहरुको आपूर्ति प्रणालीलाई अझ बलियो बनाउँने उद्देश्यले महोत्तरी तथा सर्लाही जिल्लामा एक/एक दिने अनुभवमा आधारित योजना कार्यशाला अर्थात **सरसफाइ क्याफे** आयोजना गरियो । **सरसफाइ क्याफे** एउटा अन्तरक्रियात्मक कार्यक्रम हो जसले सरसफाइ सम्बन्धी उपभोक्ताको चाहाना र विद्यमान आपूर्ति व्यवस्था सम्बन्धी अवसर, चुनौती र अभ्यासका बारेमा छलफल गरी जिल्लाको आपूर्ति प्रणाली बलियो बनाउन सघाउँछ । जसमा चर्पी भएका एवं नभएका उपभोक्ता,थोक तथा खुद्रा व्यापारी रिङ्ग उत्पादक र मिस्त्रीका धारणाहरु संकलन तथा आदानप्रदान गरिन्छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र iDE नेपालद्वारा सरसफाइ सम्बन्धी जानकारी, उपभोक्ताको चाहाना तथा प्राथमिकता र आपूर्ति व्यवस्थाको सम्बन्धमा



*एस एन भी नेपालको सहजीकरणमा सलाही जिल्लामा आयोजना गरिएको सरसफाइ क्याफे*

राखिएका धारणा आदिका आधारमा माग अनुरुप आपूर्ति सबल बनाउन र दिगो सरसफाइलाई सघाउन रणनीतिक कार्य क्षेत्रहरुको विकास गरियो ।

संक्षेपमा सरसफाइका सरोकारवालाहरुलाई जिल्लाको सरसफाइ अवस्था जानकारी गराउन, सरसफाइको माग र आपूर्तिका विद्यमान अवस्था बोध गराउन, सरोकारवालाहरुको आ-आफ्नो भूमिका तथा जिम्मेवारी ज्ञात गराउन, निजी क्षेत्रलाई उपभोक्ताको चाहाना अनुरुप सरसफाइ सामाग्री उत्पादन तथा आपूर्तिका लागि उत्पेरणा गर्न सघाउँछ । सरसफाइ क्याफेमा निम्न लिखित कार्यक्षेत्रहरु पहिचान गरिएका थिए :

- गाविस तहमा सरसफाइ सामाग्रीहरु आपूर्ति गर्ने निकायहरुको नक्साकन गर्ने ।
- सरसफाइ बजारीकरण गर्ने सरोकावालाहरुको प्राविधिक तथा व्यावसायिक क्षमता बढाउने ।
- स्थानीय सहकारीहरुलाई सरसफाइ व्यवसायमा एकिकृत गर्ने र घरायसी चर्पी निर्माणका लागि ऋण उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- रिङ् बनाउने तथा निर्माण गर्ने मानव संसाधन तथा इन्टर प्राइजेजहरुको संख्या बढाउने ।
- रिङ् उत्पादकहरुको नेटवर्क विकास गरी तिनीहरूको व्यवसाय ग्रामीण क्षेत्रसम्म पुऱ्याउने ।
- समुदाय अनुरुप उपभोक्ताहरुमा चर्पीका डिजाइन तथा संरचनाको चेतना बढाउने ।
- मौसम अनुसार रिङ उत्पादन गर्नका लागि विद्यमान नियम तथा माटो परीक्षण गर्ने ।
- उत्पादकद्वारा गुणस्तर र यातायातको सुनिश्चिता गर्ने ।
- ग्रामीण समुदायमा सम्भाव्य नयाँ उद्यमीहरुको पहिचान गरी तिनीहरुको व्यवसायीक सीप विकास गर्ने ।

**कैलाश शर्मा र नादिरा खवाजा**
**एस्.एन.भी., नेपाल**



*खानेपानी धारा मर्मत गर्दै महिला प्राविधिक । (स्रोत : वाटर एड नेपाल)*



*बाढिबाट प्रभावित भई पानीको तह उच्च हुने स्थानमा निर्माण गरिने शौचालय । (स्रोत : प्राक्टिकल एक्सन, नेपाल)*

# सरसफाइ बजारीकरण यात्रामा आस्मा चौधरी

सप्तरीमा सरसफाइ बजारिकरण अनौठो र गाह्रो विषय थियो मेरो लागि । जब म यसकोबारेमा iDE Nepal बाट थाहा पाँए । सप्तरी जिल्ला सरसफाइमा ७५ औं जिल्लामा पर्दथ्यो र यहाँ पहिले देखि नै विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु यस जिल्लालाई खुला दिसामुक्त गर्ने अभियानमा लागे पनि सोचे जस्तो परिणाम प्राप्त भएको थिएन, जसको मूल कारण थियो यहाँको सामाजिक, संस्कृतिक र राजनैतिक पक्ष । यस्तो अवस्थामा म iDE Nepal को तर्फ बाट एउटा नयाँ सोच र नयाँ सरसफाइ प्रविधिको साथ जिल्लामा प्रवेश गरे ।

यस जिल्लामा प्रवेश गर्नुको मूल उदेश्य सरसफाइ प्रविधिलाई परिचय गराउनु र खुला दिसामुक्तको लागि समुदायमा जनचेतना जगाउदै स्वच्छ, सफा र सुन्दर वातावरण सृजना गर्ने रहेको थियो ।

सरसफाइ बजारीकरणलाई परिचय गराउदै जाने क्रममा मैले सोचेजस्तो प्रभाव परेको पाइँन । सुरुमा जब म नयाँ सरसफाइ प्रविधि (टायल सहितको प्यान स्ल्याव) को परिचय गराउँदा उपभोक्ताहरुबाट राम्रो प्रतिक्रिया आएन । तर थोरै उपभोक्ताको प्रविधिप्रतिको सकारात्मक सोच र प्रयोगले अरु उपभोक्तालाई पनि विस्तारै-विस्तारै यो प्रविधि प्रति चासो बढायो । आज यो प्रविधिको माग जिल्लामा सर्वत्र रहेको पाइन्छ । मैले सरसफाइ बजारीकरणको यात्रामा धेरै तिता मिठा अनुभवहरु भोगेँ ।

शुरुमा सरकारी, गैरसरकारी निकायहरु ल्गायतले सरसफाइ प्रविधि प्रति अनविज्ञ भए जस्तै गरी पन्छाए, कतिपयले त म्याडमपछि कुरा गर्छु भनेर पन्छाए तर पछि यी निकायहरु यस प्रविधिको बारेमा थाहा पाए अनि यिनीहरु आफैं स्वस्फुर्त रुपले यस प्रविधिलाई सरसफाइको क्षेत्रमा अग्रणी स्थान दिएको पाइन्छ । यसैको फलस्वरुप आजको मितिसम्म सप्तरी जिल्लमा १४ वटा गा.वि.स. खुला दिसामुक्त हुनुमा सरसफाइ बजारीकरणको पनि प्रत्यक्ष अप्रत्यक्ष रुपमा ठूलो योगदान रहेको प्रस्ट देखिन्छ ।

यस्तै समुदायमा जाँदा यो प्रविधि हाम्रो लागि महँगो भयो, चाँडै फुट्नेजस्तो कुराहरु आए त्यसको सुधार र दिगोपनाका लागि तर म संघर्ष गर्न छोडिन । निरन्तरको कडिले ढुङ्गा पनि खिइन्छ भने जस्तै म एउटा महिला प्रतिनिधि भएर पनि मेरो यात्रामा आउने हरेक अवरोधहरुसँग लड्दै सरसफाइ बजारीकरणमार्फत जिल्ला सरसफाइको जिल्लामा सरसफाइको अवस्था सुधार गर्दै देशमा जिल्लाको पनि स्तर उच्च स्थानमा पुऱ्याउन लागि रहन्छु ।




*पृथ्वी राजमार्गको तनहुँ जिल्लामा अवस्थित सार्वजनिक शौचालयहरुको जानकारी । (स्रोत :पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना)*



*भाँडा माझ्ने तथा हात धुने ठाउँ र भाँडा सुकाउने च्याङ (स्रोत : हेल्भेटास)*



*विद्यालय व्यवस्थापन समितिलाई सरसफाइसम्बन्धी अभिमुखीकरण कार्यक्रम (स्रोत :खापसडिका, ताप्लेजुङ)*




*महोत्तरी जिल्लाको खयरमारा गाविस खुला दिसामुक्त घोषणा समारोह । (स्रोत : देवेन्द्र झा)*

# चर्पी बनाउनका लागि भोक हडताल

देशमा चलिरहेको खुला दिसामुक्त क्षेत्र घोषणाका लागि अनेक उपाय अनि विकल्पहरु प्रयोग भइरहेका छन् । नेपाल सरकारद्वारा जारी गरिएको सरसफाइ गुरुयोजनाको सन् २०१७ भित्र नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गर्ने लक्ष्य अनुरुप विभिन्न संघ संस्था एवम् सरकारी निकायहरु लागिपरेका छन् । यसैबीच मध्य तराईका आठ जिल्ला मध्ये सरसफाइ एवम् खुला दिसामुक्त क्षेत्र घोषणामा सबैभन्दा अगाडि रहेको सप्तरीमा सरसफाइ अभियानले द्रूत गति लिइरहेको अवस्था छ । देशलाई खुला दिसामुक्त क्षेत्र घोषणाका लागि सरकारले लिएको लक्ष्यलाई पूर्ति गर्न सन् २०१६ अगावै सप्तरी जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने प्रतिवद्धता लिइएको छ । प्रतिवद्धता अनुरुप सप्तरी जिल्लास्थित विभिन्न सरकारी एवम् गैरसरकारी क्षेत्रले अथक मेहनत एवम् प्रयास गरिरहेका छन् ।

